# चितवन जिल्लामा गाइने विविध लोकभजनहरूको सङ्कलन र वर्गीकरणमूलक अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## अध्ययन पत्र

**अध्ययनार्थी**
**दुर्गादत्त न्यूरे**
शैक्षिक सत्र ०५६-०५८
त्रि.वि. दर्ता नं. ९६३३-८९

**नेपाली विभाग**
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०६८

# निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र दुर्गादत्त न्यूरेले **चितवन जिल्लामा गाइने विविध लोकभजनहरूको सङ्कलन र वर्गीकरणमूलक अध्ययन** शीर्षकको अध्ययनपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत अध्ययनकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६८/१२/१५

**डा. नारायणप्रसाद खनाल**
प्राध्यापक
**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

प्रस्तुत अध्ययनपत्र मेरा आदरणीय गुरु प्रा.डा. नारायणप्रसाद खनालको कुशल निर्देशन र परामर्शमा तयार पारेको हुँ । प्राध्यापन र अध्ययनको व्यस्ततामा पनि आफ्नो अमूल्य समय दिएर मलाई उचित सल्लाह, सुझाव र सही मार्ग निर्देशनसमेत गर्नुका साथै यस अध्ययनपत्र लेखनमा अभिप्रेरित गर्नुभएकोमा आभार प्रकट गर्दछु । यस शोधप्रस्तावलाई विभागीय स्वीकृति समेत प्रदान गरी शोधकार्य गर्ने सुअवसर समेत प्रदान गर्नुहुने वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरका नेपाली विभागका विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा. नारायणप्रसाद खनालप्रति कृतज्ञ छु ।

आफ्नो व्यस्तताको बाबजुद पनि प्रस्तुत अध्ययनपत्र तयार पार्न आवश्यक सामग्री उपलब्ध गराउनुका साथै उचित मार्ग निर्देशन दिनुहुने लोकभजन गायक-गायिकाहरूप्रति आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्न सरसल्लाह प्रदान गरी सहयोग पुऱ्याउनुहुने मेरा मातापिता लीलावती न्यूरे र टीकाराम न्यूरे, भाइ फूलनाथ निउरे, मित्र बाबुराम वैरागी (न्यौपाने) तथा सम्पूर्ण सहयोगीप्रति आभार व्यक्त गर्न चाहन्छु । त्यसै गरी शोधपत्र टङ्कन गरी सहयोग पुऱ्याउनुहुने महेश पौडेलप्रति पनि आभार प्रकट गर्न चाहन्छु । अध्ययनकार्यका लागि मलाई झक्झकाउँदै अध्ययन पत्र तयार गर्न प्रेरणा दिने मेरा परिवारजनप्रति कृतकृत्य छु । अध्ययनकार्यतर्फ प्रेरित गर्ने श्रीमती लक्ष्मी न्यूरे र लेखन तथा सामग्री सङ्कलनमा सहयोग गर्ने दाजु देवीलाल निउरे र भाउजू युगमाया निउरेप्रति आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा **चितवन जिल्लामा गाइने विविध लोकभजनहरूको सङ्कलन र वर्गीकरणमूलक अध्ययन** शीर्षकको यो अध्ययन पत्र आवश्यक मूल्याङ्कनका निम्ति त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरको नेपाली विभाग समक्ष पेस गर्दछु ।

मिति : २०६८/१२/१५

...............................

**दुर्गादत्त न्यूरे**
नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

यस अध्ययन पत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| एफ्.एम्. | फ्रिक्वेन्सी मोड्युलेसन |
| एम.ए. | मास्टर इन आर्ट |
| क्र.सं. | क्रम सङ्ख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| टेप | टेप रेकर्डर |
| पृ. | पृष्ठ |
| भ.न.पा. | भरतपुर नगरपालिका |
| र.न.पा. | रत्ननगर नगरपालिका |
| संस्क. | संस्करण |

# विषयसूची

## परिच्छेद : एक

## विषयपरिचय


| | |
|---|---|
| १.१ अध्ययनको शीर्षक | १ |
| १.२ अध्ययनपत्रको प्रयोजन | १ |
| १.३ समस्या कथन | १ |
| १.४ अध्ययनको उद्देश्य | २ |
| १.५ पूर्वकार्यको विवरण र समीक्षा | २ |
| १.६ अध्ययनको औचित्य र महत्त्व | ५ |
| १.७ अध्ययनको क्षेत्र र सीमाङ्कन | ५ |
| १.७.१ क्षेत्रको परिचय | ५ |
| १.७.२ सीमाङ्कन | ६ |
| १.८ सामग्री सङ्कलन | ६ |
| १.९ शोधविधि | ६ |
| १.१० अध्ययनको रूपरेखा | ७ |


## परिच्छेद : दुई

## लोकभजन अध्ययनको पृष्ठभूमि


| | |
|---|---|
| २.१ लोकभजनको सैद्धान्तिक परिचय | ९ |
| २.१.१ लोकसाहित्य | ९ |
| २.१.१.१ परिचय | ९ |
| २.१.१.२ लोकसाहित्यको परिभाषा | १० |
| २.१.२ लोकसाहित्यको विधागत वर्गीकरण | ११ |
| २.१.२.१ माध्यमका आधारमा लोकसाहित्यको वर्गीकरण | १२ |

२.१.२.२ प्रस्तुतिका आधारमा लोक साहित्यको वर्गीकरण १२

२.१.२.३ श्रेणीका आधारमा लोकसाहित्यको वर्गीकरण १३

२.१.२.४ आकारका आधारमा लोकसाहित्यको वर्गीकरण १३

२.१.२.५ प्रकारगत आधारमा लोकसाहित्यको वर्गीकरण १३

२.१.३ लोकगीत १४

२.१.३.१ परिचय १४

२.१.३.२ लोकगीतको परिभाषा १४

२.१.३.३ लोकगीतका प्रकार १५

२.१.४ लोकभजन १६

२.१.४.१ परिचय १७

२.१.४.२ लोकभजनका प्रमुख विशेषताहरू २०

२.१.४.३ लोकभजनको वर्गीकरण २२

२.२ चितवन जिल्लाको सामान्य परिचय र लोकभजन गाइने प्रमुख स्थल, अवसर एवं पर्वहरू २३

२.२.१ चितवन जिल्लाको सामान्य परिचय २३

२.२.२ लोकभजन गाइने प्रमुख स्थल, अवसर एवं पर्वहरू २५

२.३ निष्कर्ष २५

**परिच्छेद : तीन**

**चितवन जिल्लामा गाइने विविध लोकभजनहरूको सङ्कलन र वर्गीकरण**

३.१ चितवन जिल्लामा लोकभजन २६

३.२ चितवन जिल्लामा गाइने लोकभजनका प्रकार २७

३.३ लोकभजनका उदाहरणहरू २९

३.३.१ मध्यक्षेत्रीय भजनहरू ३०

३.३.२ पूर्वेली भजनहरू ४३

३.४ निष्कर्ष ४७

## परिच्छेद : चार

## चितवन जिल्लामा प्रचलित लोकभजनहरू

४.१ बाग्लुङ जिल्लाबाट चितवन बसाइँ सरेका समुदायले व्रतबन्धमा गाएको भजन ४८

४.२ एकादशी पर्वमा गाइएको भजन ४९

४.३ भूमिकासहितको लोकभजन ४९

४.४ देवीसम्बन्धी भजन ५१

४.५ बाग्लुङ जिल्लाबाट चितवन बसाइ सरेका समुदायमा गाइने भजन ५४

४.६ निष्कर्ष ५५

## परिच्छेद : पाँच

**उपसंहार तथा निष्कर्ष** ५६

**परिशिष्ट खण्ड**

परिशिष्ट एक : स्रोतव्यक्ति तथा अन्तर्वार्ता लिइएका लोकभजन गायक-गायिकाहरूको नामावली ५८

परिशिष्ट दुई : लोकभजनका गायक-गायिकाहरूको फोटो ५९

परिशिष्ट तीन : वाद्यवादन सामग्रीहरूको फोटो ६०

परिशिष्ट चार : चितवन जिल्लाको मानचित्र ६१

**सन्दर्भसामग्रीसूची** ६२

# परिच्छेद : एक

# विषयपरिचय

# परिच्छेद : एक
# विषयपरिचय

## १.१ अध्ययनको शीर्षक

यस अध्ययनको शीर्षक **चितवन जिल्लामा गाइने विविध लोकभजनहरूको सङ्कलन र वर्गीकरणमूलक अध्ययन** रहेको छ ।

## १.२ अध्ययनपत्रको प्रयोजन

प्रस्तुत अध्ययनपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह नेपाली विभागको द्वितीय बर्षको दसौं पत्र लोकसाहित्य र अध्ययनपत्र ५१०-६ को प्रायोगिक कार्यको लागि तयार गरिएको छ ।

## १.३ समस्या कथन

चितवन जिल्ला देशका विभिन्न ठाउँबाट बसाइँ सरी आएर बसोबास गर्ने व्यक्ति र परिवारहरूको बाहुल्य भएको जिल्ला हो । बसाइँ सराइकै क्रममा उनीहरूले आफूसँगै आफ्ना रीतिरिवाज, परम्परा, संस्कृति, वेशभूषा, रहनसहन, संस्कार, लोकसाहित्य आदिलाई साथमै लिएर आएका छन् । एक संस्कृति मात्र नभई अनेक संस्कृतिको सङ्गमस्थलको रूपमा रहेको यस जिल्लामा गाइने लोकभजनहरूको समग्र स्थिति कस्तो छ भन्ने कुराको अध्ययन आवश्यक देखिएकाले प्रस्तुत अध्ययन विशेष गरी चितवन जिल्लाका विभिन्न स्थान र स्थलहरूमा गाइने लोकभजनहरूको अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनका समस्याहरू यसप्रकार छन् -

क) चितवन जिल्लामा गाइने लोकभजनहरूको परम्परा के-कसरी विकसित भएको छ ?

ख) चितवन जिल्लामा गाइने लोकभजनहरू के-कस्ता छन् ?

ग)  चितवन जिल्लामा प्रचलित लोकभजनहरूलाई के-कति आधारमा वर्गीकरण गर्न सकिन्छ ?

घ)  चितवन जिल्लामा गाइने वर्गीकृत लोकभजनहरूबाट के-कस्तो धार्मिक तथा नैतिक लोकसन्देश प्राप्त हुन्छ ?

यिनै समस्यामा केन्द्रित रहेर यो अध्ययन गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्य समस्याकथनका सन्दर्भमा उठेका प्रश्न र जिज्ञासाहरूको समाधानमा केन्द्रित रहेको छ । अतः समस्या कथनसँग सम्बन्धित यस अध्ययनका निम्नलिखित उद्देश्यहरू रहेका छन् -

क)  चितवन जिल्लामा गाइने लोकभजनहरूको परम्परा के-कसरी विकसित भएको छ भन्ने जानकारी प्राप्त गर्नु ।

ख)  चितवन जिल्लामा गाइने लोक भजन के-कस्ता छन् थाहा पाउनु ।

ग)  चितवन जिल्लामा प्रचलित लोक भजनहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्नु ।

घ)  चितवन जिल्लामा गाइने वर्गीकृत लोकभजनहरूबाट प्राप्त धार्मिक तथा नैतिक लोकसन्देशको उद्घाटन गर्नु ।

यिनै उद्देश्य परिपूर्तिका लागि यो अध्ययन गरिएको छ ।

## १.५ पूर्वकार्यको विवरण र समीक्षा

नेपाल एक बहुजाति, बहुभाषी, बहुसंस्कृतिलाई, पछ्याउने बहुसमुदायको सिङ्गो मुलुक भए तापनि हिन्दु जाति, नेपाली भाषा र हिन्दु संस्कृतिका अनुयायीहरूको बाहुल्य र प्रभाव यहाँ छरपस्ट देखिन्छ । हिन्दुवैदिक परम्पराबाट अनुप्राणित हुँदै आएको धार्मिक संस्कारहरूले महत्त्वपूर्ण स्थान राख्ने गर्दछन् र यी संस्कारहरूका अभिन्न अङ्गका रूपमा भजनको आफ्नो छुट्टै पहिचान, अस्तित्व र महत्त्व रहेको छ ।

खास गरी धर्मकर्म, भक्तिभाव, देवस्तुति, ईश्वरवन्दना आदि विषयवस्तुसँग सम्बन्ध राख्ने भजन परम्परादेखि नै घरघर, मन्दिरमन्दिर, बाटाघाटा जतातताै गाइन्थ्यो । अहिले

आएर विशेष गरी पश्चिमेली संस्कृतिको अतिक्रमणले महामारीको रूप धारण गरिसकेको र नयाँ पुस्तालाई सर्लक्कै निलिसकेको अवस्थामा पुराना पुस्ताले देवालयमा यो संस्कार र परम्परालाई जोगाइ राखेको छ । यस परम्पराको खोज, अध्ययन र जगेर्ना गर्नु नितान्त आवश्यक देखिन्छ ।

लोकभजन शीर्षकमै अध्ययनमा पूर्णरूपले केन्द्रित पुस्तकहरू भेटिदैनन् । धार्मिक व्यक्तिहरूले भजनकीर्तनका सङ्ग्रहहरू प्रकाशित गरेका भने भेटिन्छन् । प्रायजसो अध्ययनकर्ताहरूले लोकगीत अन्तर्गतको एउटा प्रकारको रूपमा र बालुनका रूपमा झिनो टिप्पणी गरेका छन् । उपलब्ध विवरणको कालक्रमिक विवरण यसप्रकार रहेको छ-

जनकविकेशरी धर्मराजा थापाले आफ्नो पुस्तक **गण्डकीका सुसेली**मा *मलेङ्गाउँका लोकगीत* शीर्षकअन्तर्गत आरती, भजन र लम्बरी भजन उपशीर्षकमा भजनबारे टिप्पणी गरेका छन् ।[१]

पूर्णप्रकाश नेपाल 'यात्री'ले आफ्नो पुस्तक **भेरी लोकसाहित्य**मा विभिन्न धार्मिक संस्कारहरू र ती संस्कारहरूमा गाइने धार्मिक लोकगीतहरू प्रस्तुत गरेका छन् ।[२]

डिल्लीराम मिश्रले आफ्नो पुस्तक **नेपाल अधिराज्यमा तनहुँ** (अनुसन्धानात्मक) को *लोकगीत* शीर्षक अन्तर्गतको *बालुन* उपशीर्षकमा भजनको लामो रूप बालुन प्रस्तुत गरेका छन् ।[३]

गोपालप्रसाद भण्डारीले आफ्नो शोधग्रन्थ **प्राग् भानुभक्तीय नेपाली साहित्य**मा *निर्गुण भजन, गोरखनाथ भजन* र *भजन* शीर्षकहरूमा छोटा टिप्पणीहरू गरेका छन् ।[४]

धर्मराज थापाले आफ्नो पुस्तक **चितवन दर्पण**मा चितवन जिल्लाको मानचित्रसहित देवघाटधाम लगायतका विभिन्न धार्मिक स्थलहरू र धार्मिक संस्कारहरू साथै धार्मिक लोकगीत एवं लोकगीतहरू प्रस्तुत गरेका छन् ।[५]

केशरजंग बराल मगरले नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको २०३८ सालको विद्वद्-वृत्ति कार्यक्रम अन्तर्गत गरिएको शोधकार्यको अनुसन्धान प्रबन्ध **पाल्पा, तनहुँ, स्याङ्जाका**

---

[१] धर्मराज थापा, **गण्डकीका सुसेली,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३०, पृ. २१७-२२१ ।

[२] पूर्णप्रकाश नेपाल 'यात्री', **भेरी लोकसाहित्य,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४१, पृ. १०१ ।

[३] डिल्लीराम मिश्र, **नेपाल अधिराज्यमा तनहुँ,** काठमाडौं : श्रीमती शर्मिलादेवी मिश्र, सुश्री उर्मिलादेवी देवकोटा, (अनुसन्धान) २०४५, पृ. १८०-१८१ ।

[४] गोपालप्रसाद भण्डारी, **प्राग् भानुभक्तीय नेपाली साहित्य,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४८, पृ. १२१ ।

[५] धर्मराज थापा, **चितवन दर्पण**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५०, पृ. ३३ ।

**मगरहरूको संस्कृति** पुस्तकमा विभिन्न लोकसंस्कारहरू र ती संस्कारहरूमा गाइने धार्मिक गीतहरू प्रस्तुत गरेका छन् ।[६]

यादव खरेलले आफ्नो पुस्तक **आदिकवि भानुभक्त** (पटकथा) मा विभिन्न लोकसंस्कारहरू र ती संस्कारहरूमा गाइने विभिन्न संस्कारगीतहरूका साथै लामो भजन बालुन प्रस्तुत गरेका छन् ।[७]

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको पुस्तक **लोकवार्ता विज्ञान र लोकसाहित्य**मा नेपाली लोकगीतका प्रमुख प्रकारहरूको परिचय शीर्षक अन्तर्गतको सदाकालिक वा बाह्रमासे लोकगीत उपशीर्षकको क्र.सं. ७ मा *चुड्का र चुड्का भजन* शीर्षकमा चुड्का भजनको सामान्य परिचय र उदाहरण प्रस्तुत गरेका छन् ।[८]

हरिप्रसाद चुदालीले आफ्नो शोधग्रन्थ **गुल्मी जिल्लामा प्रचलित लोकभजनको सङ्कलन, वर्गीकरण र विश्लेषण**मा गुल्मेली लोकभजनहरूको सङ्कलन गरी विभिन्न आधारमा वर्गीकरण र विश्लेषण गरेका छन् ।[९]

स्वामी श्री पद्मनाभाचार्यद्वारा सङ्कलित भजन-कीर्तनहरूको सङ्ग्रहमा नारायण मन्दिरमा गाइने भजनहरू प्रस्तुत गरिएको छ ।[१०]

भानु पुस्तकालयको मुखपत्र **चुँदी रम्घा**को *प्रथम भानु महोत्सवको यात्रा केही स्मृति केही अनुभूति* शीर्षकमा भानु संस्कृत मा.वि.को प्राङ्गणमा भएको भानु साहित्यिक महोत्सवमा प्रस्तुत गरिएका लोकसंस्कृतिहरूमा कौरा, चुड्का, बालुन आदिको सामान्य टिप्पणी गरिएको छ ।[११]

उपर्युक्त सामग्रीहरूमा भजनको बारेमा अध्ययन गरिएको भए तापनि विविध जिल्लाका मिश्रित समुदायहरू भएको चितवन जिल्लामा गाइने लोकभजनको अध्ययन

---

[६] केशरजंग बराल मगर, **पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति,** (अनुसन्धान प्रबन्ध), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५०, पृ. ५० ।

[७] यादव खरेल, **आदिकवि भानुभक्त** (पटकथा), तनहुँ : भानु जन्मस्थल विकास समिति, २०५६, दृश्य-५३, पृ. १०३-१०५ ।

[८] मोहनराज शर्मा र खगेन्द्र लुइटेल, **लोकवार्ता विज्ञान र लोकसाहित्य**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३, पृष्ठ ९९ ।

[९] हरिप्रसाद चुदाली, **गुल्मी जिल्लामा प्रचलित लोकभजनको सङ्कलन, वर्गीकरण र विश्लेषण,** अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, त्रि.वि., कीर्तिपुर : केन्द्रीय नेपाली विभाग, २०६३, पृ. १० ।

[१०] स्वामी श्री पद्मनाभाचार्य, **कीर्तनसङ्ग्रह,** चितवन : श्री शेषलक्ष्मीनारायण मन्दिर, २०६५, पृ. ३० ।

[११] केदारनाथ खनाल, *प्रथम भानु महोत्सवको यात्रा : केही स्मृति केही अनुभूति,* **चुँदी रम्घा**, वर्ष-३०, अङ्क-६, आषाढ २९, २०६८, तनहुँ : भानु पुस्तकालय, पृ. २९ ।

वर्गीकरण विश्लेषण गर्ने काम भने भएको छैन । तसर्थ प्रस्तुत अध्ययन मूलतः चितवन जिल्लामा गाइने लोकभजनको वर्गीकरणमूलक अध्ययनमा केन्द्रित छ ।

## १.६ अध्ययनको औचित्य र महत्त्व

नेपाल विविध संस्कृति एवं परम्पराले सम्पन्न एक राष्ट्र हो । यहाँ बहुजाति, भाषा, धर्म तथा संस्कृति र परम्परा रहेका छन् । समग्र संस्कृतिको अभिन्न अङ्ग लोकसंस्कृति हो । लोकसंस्कृतिको जगेर्ना गर्नु सबैको कर्तव्य हो । विदेशी संस्कृति, संस्कार र परम्पराले प्रचलित नेपाली लोकसंस्कृतिमाथि अतिक्रमण गरिरहेको र नयाँ पिडीले आफ्ना मौलिक परम्पराप्रति त्यति वास्ता नगरेको वर्तमान अवस्थामा विविध क्षेत्रको प्रतिनिधित्व गर्ने चितवन जिल्लामा गाइने लोकभजनहरूको अध्ययन र संरक्षण एवं सम्बर्धनमा सहयोग गर्ने र आगामी पुस्ताका लागि समेत यो अध्ययनपत्रले महत्त्वपूर्ण स्थान राख्न सक्नेछ । यस अध्ययनले चितवन जिल्लमा पाइने लोकभजनहरूमा गरिने अनुसन्धानात्मक कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने हुनाले प्रस्तुत अध्ययनको औचित्य र महत्त्व आफ्नै स्थानमा रहेको छ ।

## १.७ अध्ययनको क्षेत्र र सीमाङ्कन

यस शीर्षकअन्तर्गत क्षेत्रको परिचय र सीमाङ्कनबारे अध्ययन गरिएको छ ।

### १.७.१ क्षेत्रको परिचय

नेपालको नारायणी अञ्चल अन्तर्गत पर्ने हिमाली, पहाडी, तराईवासीको सङ्गमस्थल चितवन जिल्ला हो । तनहुँ, नवलपरासी, धादिङ र भारतसँग सिमाना जोडिएको चितवन जिल्लाका दुई नगरपालिकाहरूले पूर्वी र पश्चिमी चितवनको प्रतिनिधित्व गर्दछन् साथै देवघाटधामले नेपालकै पवित्र तीर्थस्थल, देवभूमि र तपोभूमिको प्रतिनिधित्व गर्दछ । चितवन जिल्लाभित्र पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका मानिसहरूले आ-आफ्नो क्षेत्रबाट संस्कारहरू बोकेर आएका छन् । खास गरी बाग्लुङ, पर्वत, स्याङ्जा, गोर्खा, तनहुँ, लमजुङ र नेपालका पूर्वी भेगमा गाइने लोकभजनहरू चितवन जिल्लामा भेटिन्छन् । यी सबैले आ-आफ्ना लोकभजनहरू प्रस्तुत गर्दै आएका छन् ।

### १.७.२ सीमाङ्कन

**चितवन जिल्लामा गाइने विविध भजनहरूको सङ्कलन र वर्गीकरण मूलक अध्ययन** विषयक शीर्षकले निर्देश गरेअनुसार प्रस्तुत अध्ययनको सीमा निर्धारण निम्नानुसार गरिएको छ -

क) यो अध्ययन मूलतः चितवन जिल्लामा गाइने प्रचलित लोकभजनको अध्ययनमा केन्द्रित रहेको छ ।

ख) यस अध्ययनमा चितवन जिल्लाअन्तर्गत भरतपुर नगरपालिका र आसपासका क्षेत्रहरूका महत्त्वपूर्ण धार्मिक एवं तीर्थस्थलहरूलाई अध्ययनक्षेत्र बनाइएको छ ।

ग) प्रस्तुत अध्ययन चितवन जिल्लाको भरतपुर नगरपालिका र आसपासका क्षेत्रमा गाइने लोक भजनलाई आधार मानेर तयार गरिएको छ ।

घ) यहाँ गाइने लोकगीतको अध्ययनका क्रममा लोकभजन र चितवन जिल्लाको सामान्य परिचय दिइएको छ ।

ङ) चितवन जिल्लामा गाइने विविध लोकभजनसँग परिचित गराउने उद्देश्यले स्थानीय लोकभजनहरूका सङ्कलित नमुनाहरू प्रस्तुत गरिउका छन् । सङ्कलित लोकभजनका सूचकहरूको नामावली समेत प्रस्तुत गरिएको छ ।

## १.८ सामग्री सङ्कलन

यस अध्ययनको लागि मुख्य तथा सहायक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययन क्षेत्रका गायकमण्डलीद्वारा गाइने कथ्य एवं मौखिक लोकभजन सङ्कलनको मुख्य आधार स्थलगत अध्ययन र क्षेत्रभ्रमण रहेको छ । सामग्री सङ्कलन गर्ने क्रममा व्यक्तिगत सम्पर्क, मौखिक एवं लिखित प्रश्नोत्तर, भिडियो एवं क्यासेट रेकर्डिङ जस्ता माध्यम तथा विधिहरू अपनाइएको छ ।

## १.९ शोधविधि

सङ्कलित सामग्रीहरूलाई व्यवस्थित रूपमा अध्ययन गर्न तिनको वर्गीकरण गरी व्याख्यात्मक, विश्लेषणात्मक र वर्णनात्मक विधि अपनाइएको छ । अध्ययनलाई सुव्यवस्थित

एवं सुसङ्गठित बनाउनका लागि ढाँचा तथा सैद्धान्तिक ज्ञानका लागि पुस्तकालय विधि अपनाई शोध विषयसंग सम्बन्धित अनुसन्धान तथा अध्ययन विभिन्न पुस्तक, पत्रपत्रिका, सन्दर्भसामग्री आदिको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ ।

## १.१० अध्ययनको रूपरेखा

प्रस्तुत अध्ययन पत्रलाई सुसङ्गठित एवं सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि यसको संरचनालाई विभिन्न पाँच परिच्छेदमा विभाजन गरिएको छ । साथै यी परिच्छेदहरूमा आवश्यकता अनुसार विभिन्न शीर्षक र उपशीर्षक पनि समावेश गरिएको छ ।

**पहिलो परिच्छेद : अध्ययनको परिचय**

यस परिच्छेदमा अध्ययनपत्रको शीर्षक, प्रयोजन, समस्याकथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, प्राक्कल्पना, अध्ययनको औचित्य र महत्त्व, अध्ययन क्षेत्र र सीमाङ्कन, सामग्री सङ्कलन विधि र शोधविधि तथा अध्ययन पत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

**दोस्रो परिच्छेद : लोकभजन अध्ययनको पृष्ठभूमि**

यस परिच्छेदमा लोक भजनको परिचय, विशेषता र वर्गीकरणबारे चर्चा गरिएको छ साथै चितवन जिल्लाको सामान्य परिचय, लोक भजनहरू गाइने स्थलहरू, लोक भजन गाइने अवसर एवं पर्वहरूको सामान्य चर्चा गरिएको छ ।

**तेस्रो परिच्छेद : चितवन जिल्लामा गाइने विविध लोकभजनहरूको सङ्कलन र वर्गीकरण**

यस परिच्छेदमा सङ्कलित लोकभजनलाई वर्गीकरण सहित विश्लेषण गरिएको छ । यसमा चितवन जिल्लाका लोकभजन, लोकभजनका प्रकार, लोकभजनका मध्य, क्षेत्रीय र पूर्वेली नमुना एवं निष्कर्ष प्रस्तुत गरिएको छ ।

**चौँथो परिच्छेद : चितवन जिल्लामा प्रचलित लोकभजनहरू**

यस परिच्छेदमा अध्ययनको क्रममा सङ्कलित लोक भजनहरू प्रस्तुत गरिएको छ । यसमा बाग्लुङबाट चितवनमा बसाइँ सरेकाहरुले गाएको भजन, एकादशी पर्वमा गाइएको भजन, भूमिका सहितको लोकभजन, देवीसम्बन्धी भजन र समुदायमा गाइने भजन तथा निष्कर्ष प्रस्तुत गरिएको छ ।

**पाँचौं परिच्छेद : उपसंहार तथा निष्कर्ष**

यस परिच्छेदमा प्रत्येक परिच्छेदको निष्कर्ष प्रस्तुत गरी अन्तमा समग्र अध्ययनको मूल्याङ्कनसहित निष्कर्ष प्रस्तुत गरिएको छ ।

यस अध्ययनअन्तर्गत परिशिष्ट खण्ड यसरी समावेश गरिएको छ -

**परिशिष्ट एक** : यस अन्तर्गत सङ्कलित लोकभजनका गायक-गायिकाहरूको नामावली समावेश गरिएको छ ।

**परिशिष्ट दुई** : यसअन्तर्गत लोकभजनका गायक-गायिकाहरूको फोटो समावेश गरिएको छ ।

**परिशिष्ट तीन** : यसअन्तर्गत लोकभजनका वाद्यवादन सामग्रीको चित्र प्रस्तुत गरिएको छ ।

**परिशिष्ट चार** : यस अन्तर्गत चितवन जिल्लाको मानचित्र समावेश गरिएको छ ।

यसप्रकार अध्ययनको आदि भागका साथै र मध्यभागलाई अध्ययन प्रतिवेदनका रूपमा तथा अन्त्य भागका रूपमा सन्दर्भसामग्रीलाई परिशिष्ट र सन्दर्भग्रन्थसूचीका रूपमा समावेश गरी साङ्गोपाङ्ग अध्ययनपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# लोकभजन अध्ययनको पृष्ठभूमि

# परिच्छेद : दुई
# लोकभजन अध्ययनको पृष्ठभूमि

## २.१ लोकभजनको सैद्धान्तिक परिचय

लोकभजन लोकसाहित्यको लोकगीत विधा अन्तर्गतको एउटा प्रकार हो । तसर्थ लोकभजनको चर्चा गर्नुपूर्व लोकसाहित्य के हो, लोकसाहित्य अन्तर्गत के कस्ता विधा र उपविधाहरू पर्दछन्, त्यसका बारेमा चर्चा गरिनु उपयुक्त ठानिएकाले यहाँ तिनै कुराको अध्ययन गरिएको छ ।

### २.१.१ लोकसाहित्य

यस उपशीर्षकअन्तर्गत विषय परिचय, परिभाषा, वर्गीकरण, लोकभजन र कीर्तनको परिचय आदिबारे अध्ययन गरिएको छ ।

#### २.१.१.१ परिचय

लोकको साहित्यलाई लोकसाहित्य भनिन्छ । यसको सिर्जना सामान्य जनसमुदाय वा लोकबाट हुन्छ । जनसाधारणका बीचमा प्रचलित एवम् लोकप्रिय भएर रहेको लोकसिर्जनाले सामान्य जनसमुदायको जीवनका सुखदुःखात्मक प्रत्येक पाटालाई छोएको हुन्छ । लोकसाहित्यका विभिन्न विधाहरूको सिर्जना प्राचीन कालदेखि हुँदै आए तापनि यसको अध्ययन-विश्लेषण धेरै पछिदेखि मात्र हुन थालेको हो ।

लोकसाहित्य शब्दभित्र समस्त भएर रहेको ‘लोक’ शब्द विशिष्ट महत्त्वको छ । यस शब्दले लोकसाहित्यलाई अन्य साहित्यबाट छुट्याएर पृथक् अस्तित्व प्रदान गरेको छ । लोकसाहित्यको मूल पहिचान ‘लोक’ शब्दमा निहित रहेको हुँदा यसको व्युत्पत्ति र अर्थ केलाउनु आवश्यक छ ।

'लोक' शब्दको व्युत्पत्ति लोकृदर्शने धातुमा घञ् (अ) प्रत्यय जोडेर भएको हो । लोकृदर्शने धातुको अर्थ हेर्नु देख्नु हुन्छ । यसै धातुबाट निर्मित लोकते शब्दका सन्दर्भबाट लोकको अर्थ हेर्नेवाला देख्नेवाला भन्ने हुन्छ । शब्दको सामान्य अर्थ हेर्ने वा देख्ने कार्य सम्पन्न गर्ने समस्त जनसमुदाय हुन आउँछ ।[१] साहित्यका सन्दर्भबाट हेर्दा लोकको यस व्युत्पत्तिमूलक अर्थले हेर्ने वा भोग्ने जनसमुदायको साहित्य नै लोकसाहित्य हो भन्ने स्पष्ट सङ्केत दिन्छ ।

लोकसाहित्यको व्युत्पत्तिमूलक अर्थलाई हेर्ने हो भने लोक र साहित्य शब्दको योगबाट लोकसाहित्य शब्द बनेको हो । अङ्ग्रेजीमा यसलाई फोकलिटेरेचर (Folkliterature) भनिन्छ । अङ्ग्रेजी फोक (Folk) को समानार्थी लोक शब्दले सामान्य जनसमुदायको भन्ने अर्थ बुझाउँछ । लिटरेचर (Literature) को समानार्थी साहित्य शब्दको व्युत्पत्ति सहित+यत् (य) बाट भएको हो ।[२] यसको तात्पर्य शब्द र अर्थको यथावत् सहभाव भन्ने हुन्छ । व्युत्पत्तिका आधारमा हित गर्ने (सहित) अभिव्यक्ति पनि साहित्य हो र सौन्दर्यसहित (समेत) को अभिव्यक्ति पनि साहित्य हो । समष्टिमा साहित्यले भाषाका माध्यमबाट गरिने भावको कलात्मक अभिव्यक्तिलाई बुझाउँछ ।[३]

साहित्य शब्द लोकसँग जोडिदाँ लोकको साहित्य भन्ने अर्थ दिन्छ । लोकको साहित्य जनसाधारणको साहित्य भएको हुँदा यो शिष्टसाहित्यबाट भिन्न हुन्छ । यहाँ शिष्ट साहित्यको तात्पर्य स्तरीय र शास्त्रीय साहित्य अर्थात् लिखित साहित्य हो ।

## २.१.१.२ लोकसाहित्यको परिभाषा

विभिन्न विद्वान्हरूले लोकसाहित्यको परिभाषा गरेका छन् । प्रस्तुत गरिएका सबैजसो परिभाषाहरूमा संक्षिप्तता नभई व्याख्या पाइन्छ । कुनै परिभाषामा लोकसाहित्यको कुनै अभिलक्षण वा स्वरूप प्रस्तुत गरिएको छ भने अर्को परिभाषामा अर्कै अभिलक्षण वा स्वरूप प्रस्तुत गरिएको छ । यसले गर्दा लोक साहित्यलाई समग्रमा बुझाउने परिभाषाहरूको कमी रहेको देखिन्छ । लोकसाहित्यका प्रचलित र प्रमुख केही परिभाषाहरू तल प्रस्तुत गरिएका छन् :

---

[१] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **लोकवार्ता विज्ञान र लोकसाहित्य,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, पृ. १२-१३ ।

[२] ए.एस. हर्नबाइ, **अक्सफोर्ड एडभान्स लर्नरर्स डिक्सनरी अफ करेन्ट इङ्लिस**, लण्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस, पृ. ७०० ।

[३] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **लोकवार्ता विज्ञान र लोकसाहित्य,** पूर्ववत्, पृ. १२ ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलका अनुसार लोकज्ञान वा लोक भावनामा आधारित श्रुतिपरम्पराबाट प्राप्त व्यक्तिविशेषको नभई अपठितहरूबाट सामूहिक ढङ्गले लोकगीत, लोककविता, लोकगाथा/लोककाव्य, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान, टुक्का, मन्त्र आदि विधाका रूपमा अभिव्यक्त हुने मौखिक भाषिक संरचनालाई लोकसाहित्य भनिन्छ ।[४]

मार्टिन ग्रेका अनुसार लेख्य रूपबाट अप्रभावित रही मौखिक रूपमा हस्तान्तरण हुने परम्परित भनाइहरूलाई लोकसाहित्य भनिन्छ ।[५]

**द न्यु इन्साइक्लोपेडिया ब्रिटानिका**का अनुसार लोक साहित्य भनेको मुख्यतः अपठित समुदायको मौखिक रूपमा व्यक्त लोकज्ञान हो । यसअन्तर्गत लोक साहित्यको उत्पत्ति, विकास, विशेषता, प्रविधि, क्षेत्रीय र जातीय विविधता, मुख्य प्रकारहरू ( लोकगीत, लोकगाथा, लोकनाटक, पौराणिक एवं नीतिकथा, लोककथा, उखान, टुक्का, गाउँखाने कथा, मन्त्र आदि) को अध्ययन र सङ्कलन दुवै पर्छन् ।[६]

यसरी प्रस्तुत परिभाषाहरूका आधारमा लोकसाहित्यलाई चिनाउने निम्नलिखित अभिलक्षणहरू रहेका छन् :

क) लोकज्ञान वा लोकभावनामा आधारित हुने ।

ख) श्रुतिपरम्पराबाट प्राप्त हुने ।

ग) व्यक्तिविशेषको कृति नहुने ।

घ) अपठितहरूबाट सामूहिक ढङ्गले व्यक्त हुने ।

ङ) लोकगीत, लोककथा आदि विभिन्न विधाका रूपमा हुने ।

च) मौखिक भाषिक संरचना ।

अतः उपर्युक्त लक्षणहरूले लोक साहित्यको पहिचान गराएका छन् ।

## २.१.२ लोकसाहित्यको विधागत वर्गीकरण

विधाको अर्थ हो प्रकार । लोकसाहित्यका सन्दर्भमा यसले लोकसाहित्यका प्रकारहरूलाई बुझाउँछ । साहित्यमा विधा छुट्याउने विधा सिद्धान्तको विकास भइसकेको छ

---

[४] पूर्ववत्, पृ. १५ ।

[५] मार्टिन ग्रे, **अ डिक्सनरी अफ लिटेरेरी टर्मस**, युके : लङ्म्यान योर्क प्रेस, सन् १९६८ ।

[६] **द न्यू इन्साइक्लोपेडिया ब्रिटानिका**, भोलुम १९, पन्ध्रौं संस्क., शिकागो : इन्साइक्लोपेडिया ब्रिटानिका, सन् १९९० ।

तर लोकसाहित्यमा यस्तो विधा सिद्धान्तको विकास भएको छैन । साहित्यमा प्रचलित विधा सिद्धान्तअनुसार लोकसाहित्यको पनि विधा छुट्याएर वर्गीकरण गर्नुपर्ने स्थिति छ । विधा वर्गीकरण गर्ने विभिन्न साहित्यशास्त्रीय आधारहरू छन् । लोक साहित्यको विधा छुट्याउन पनि साहित्यकै विधा वर्गीकरणका आधारहरूमध्ये माध्यम, प्रस्तुति, श्रेणी, आकार, प्रकार आदिलाई आधार बनाउनु उपयुक्त देखिन्छ ।[७] साहित्यको विधा वर्गीकरणका उल्लेखित सबै आधारहरूमा केन्द्रित रही यहाँ लोकसाहित्यको विधागत वर्गीकरण गरिएको छ ।

### २.१.२.१ माध्यमका आधारमा लोकसाहित्यको वर्गीकरण

**माध्यम**

| पद्य | गद्य |
|---|---|
| लोकगीत | लोककथा |
| लोककविता | गाउँखाने कथा |
| लोकगाथा | उखान |
| (लोकनाटक) | टुक्का |
| मन्त्र | |

### २.१.२.२ प्रस्तुतिका आधारमा लोक साहित्यको वर्गीकरण

**प्रस्तुति**

| श्रव्य | दृश्य |
|---|---|
| लोकगीत | लोकनाटक |
| लोककविता | लोकगाथा |
| लोकगाथा | |
| लोकगाथा | |
| गाउँखाने कथा | |
| उखान | |
| टुक्का | |
| मन्त्र | |

[७] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **लोकवार्ता विज्ञान र लोकसाहित्य,** पूर्ववत्, पृ. ४६-५२ ।

### २.१.२.३ श्रेणीका आधारमा लोकसाहित्यको वर्गीकरण

**श्रेणी**

| **स्थूल** | **सूक्ष्म** |
|---|---|
| लोकगीत | गाउँखाने कथा |
| लोककविता | उखान |
| लोकगाथा | टुक्का |
| लोकगाथा | मन्त्र |
| लोकनाटक | |

### २.१.२.४ आकारका आधारमा लोकसाहित्यको वर्गीकरण

**आकार**

| **बृहत्** | | **लघु** | |
|---|---|---|---|
| लोकगाथा | लोकनाटक | **लघु** | **लघुतम** |
| | | लोकगीत | गाउँखाने कथा |
| | | लोककविता | उखान |
| | | लोकगाथा (छोटा) | टुक्का |
| | | लोककथा | मन्त्र |

### २.१.२.५ प्रकारगत आधारमा लोकसाहित्यको वर्गीकरण

प्रकारका आधारमा विधा छुट्याउने सिद्धान्तलाई प्रकारगत वर्गीकरण भनिन्छ । प्रकारगत आधार नै विधा वर्गीकरणको सर्वप्रथम आधार हो । साहित्यका मूल भेदलाई प्रकार वा विधा भनिए झैं लोकसाहित्यका मूल भेदलाई पनि प्रकार वा विधा भनिन्छ । प्रकारगत विभाजनलाई वर्गीकरणको विभेदनक आधार मानिन्छ । यस आधारमा लोकसाहित्यलाई लोकपथ, लोकगद्य र लोकनाट्य गरी तीन मुख्य प्रकारमा बाँडिएको छ । लोकपद्य अन्तर्गत लोकगीत, लोककविता, लोकगाथा/लोककाव्य र मन्त्र पर्दछन् । यस्तै लोकगद्य अन्तर्गत लोककथा, गाउँखाने कथा, उखान र टुक्का पर्छन् भने लोकनाट्य अन्तर्गत लोकनाटक पर्छ ।

प्रकारगत आधारमा वर्गीकरण गरिएको लोकसाहित्यका प्रकारहरूलाई अझ स्पष्टताका लागि तल यसरी देखाइएको छः

| | प्रकारगत | |
|---|---|---|
| **लोकपद्य** | **लोकगद्य** | **लोकनाट्य** |
| लोकगीत | लोककथा | लोकनाटक |
| लोककविता | गाउँखाने कथा | |
| लोकगाथा | उखान | |
| लोकमन्त्र | टुक्का | |

## २.१.३ लोकगीत

यस उपशीर्षकअन्तर्गत लोकगीतको परिचय, परिभाषा, प्रकार आदिबारे अध्ययन गरिएको छ ।

### २.१.३.१ परिचय

नेपाली लोकपद्यका चार प्रमुख विधामध्ये एउटा लोकगीत हो । अन्य तीन विधाहरू लोककविता, लोकगाथा/लोककाव्य र मन्त्र हुन् । लोकपद्य अन्तर्गत पर्ने लोकगीत सर्वदेशीय लोकरचना हो । संसारका सबै देशहरूमा लोकगीत पाइन्छ । यो लोकसाहित्यका विधाहरूमध्ये सबैभन्दा बढी समृद्ध, व्यापक र लोकप्रिय रहेको छ । प्रत्येक भाषा र समुदायमा लोकगीतकै सङ्ख्या बढी पाइन्छ । यो फुटकर प्रकारको लघु रचना हो । यो रचना सानो र आख्यानमुक्त हुन्छ । केही लोकगीत लामा र हल्का आख्यानयुक्त भएको पाइए पनि यसको मूल स्वरूप चाहिँ लघु र आख्यानमुक्त हुनु हो ।

लोककगीतलाई लोकसाहित्यको सबैभन्दा प्राचीन विधा मानिन्छ । यसको प्रारम्भ मानिसले वाणीको प्रयोग गर्न थालेदेखि नै भएको ठानिन्छ । यस आधारमा लोकगीतको थालनी वेदभन्दा पनि पूर्ववर्ती समयमा भएको भन्ने देखिन्छ ।

### २.१.३.२ लोकगीतको परिभाषा

विभिन्न समयमा विभिन्न विद्वान्हरूले लोकगीतलाई परिभाषित गरेका छन् । लोकगीतका केही परिभाषाहरू तल प्रस्तुत गरिन्छ ।

**द न्यु इन्साइक्लोपेडिया ब्रिटानिका**का अनुसार लोकगीतमा समूहले आफ्ना सामान्य भावावेगको अभिव्यक्ति गर्छ र सामुदायिक परिश्रमको भारलाई हलुका पार्छ ।

जे.ए. कडनका अनुसार लोकगीत श्रुतिपरम्परासँग सम्वद्ध हुन्छ र यो मुखमुखै सर्दै जान्छ। यो सार्वभौम रूपमा देखापर्ने सामुदायिक प्रकारको अभिव्यक्ति हो।[८]

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलका अनुसार लोकभावना वा विचारको मौखिक एवम् श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने लयात्मक र गेय अवैयक्तिक भाषिक संरचनालाई लोकगीत भनिन्छ।

## २.१.३.३ लोकगीतका प्रकार

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित लोकवार्ताविज्ञान र लोकसाहित्य पुस्तकमा लोकगीतलाई विभिन्न आधारहरूमा गरिएको वर्गीकरण यसप्रकार प्रस्तुत गरिएको छ-[९]

**क) क्षेत्रीय आधारमा लोकगीतका प्रकार**

१.हिमाली लोकगीत

२. पहाडी लोकगीत

३. तराईली लोकगीत

४. पूर्वेली लोकगीत

५. पश्चिमेली लोकगीत

६. डोटेली लोकगीत

७. पाल्पाली लोकगीत

८. स्याङ्जाली लोकगीत

९. धनकुटे लोकगीत

१०. तेरथुमे लोकगीत

**ख) जातीय आधारमा लोकगीतका प्रकार**

१. थारु गीत

२. नेवारी गीत

३. तामाङ सेलो/भोटे सेलो

४. सेर्पा गीत

५. बादी गीत

६. दमाईं गीत

७. दुरा गीत

८. गन्धर्व वा गइने गीत

९. किराँती गीत

१०. लिम्बू गीत

११. राई गीत

१२. मगर-गुरुङ गीत

१३. बाहुन क्षेत्री गीत

---

[८] जे.एन. कडन, **द पेन्गुइन डिक्सनरी अफ लिटरेरी टर्मस् एण्ड लिटरेरी थ्योरी**, लण्डन : पेन्गुइन ग्रुप, सन् १९९१।

[९] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **लोकवार्ता विज्ञान र लोकसाहित्य,** पूर्ववत्, पृ. ७९-८४।

त्यस्तै गरी उमेरका आधारमा, लिङ्गका आधारमा, सहभागिताका आधारमा, बनोटका आधारमा, प्रस्तुतिका आधारमा, विषयका आधारमा पनि लोकगीतलाई वर्गीकरण गरिएको छ ।

विषयका आधारमा लोकगीतलाई निम्नानुसार वर्गीकरण गरिएको छ -

**ग) विषयका आधारमा लोकगीतका प्रकार**

**अ)** **धार्मिक गीत :** धार्मिक भावना, अनुष्ठान, पूजाआजा, व्रत, प्रार्थना, भजनकीर्तन, आरती, आराधना, स्तुति, मङ्गलकामना तथा देवीदेवतासँग सम्वन्धित लोकगीतलाई धार्मिक गीत भनिन्छ । नेपालीमा यस्ता लोकगीतहरू निम्नलिखित प्रकारका छन् :

क) व्रतगीत

ख) भजनकीर्तन

ग) आरती

घ) प्रार्थनागीत

ङ) मङ्गलगीत

च) देवीदेवता सम्बन्धी गीत

**आ)** **सांस्कारिक गीत :** जन्मदेखि मृत्युपर्यन्त सम्पन्न गरिने विभिन्न सांस्कारिक अनुष्ठानका अवसरमा तथा चाडपर्वमा गाइने लोकगीतलाई सांस्कारिक गीत भनिन्छ । नेपालीमा मागल, खाँडो, रत्यौली, सगुन, धमारी, मालसिरी, भैलो, देउसी, फागु, तिजे, भुओ आदि संस्कार र पर्वगीतहरू छन् ।

**इ)** **श्रमगीत :** खेतीपाती वा अन्य काम गर्दा गाइने गीतलाई श्रमगीत भनिन्छ, जस्तै - जेठे, असारे, साउने, भदौरे, कात्तिके, दाइँ आदि ।

## २.१.४ लोकभजन

यस शीर्षकअन्तर्गत लोकभजन-कीर्तनको परिचय र परिभाषाबारे अध्ययन गरिएको छ ।

## २.१.४.१ परिचय

लोकभजन/कीर्तन भन्नाले कुनै पवित्र पर्व उत्सव अवसरमा खैंजडी र मुजुराको सहारा लिई गाइने भक्तिरस प्रधान लोकगीतलाई बुझाउँछ । भजन खासगरी देवीदेवताको महिमापूर्ण गुणगान गरिएका गीत हुन् । यी विभिन्न धार्मिक ग्रन्थहरूका विषय र प्रसङ्गहरूमा आधारित हुन्छन् । **रामायण, महाभारत, गीता, कृष्णचरित्र, गणेश, पुराण, शिवपुराण, स्वस्थानी व्रतकथा, एकादशी व्रतकथा** आदि ग्रन्थहरूका विभिन्न प्रसङ्गहरूलाई भजनको विषय बनाइएको हुन्छ । चुड्का, रोइला जस्ता भजनहरूका कुनै कुनै टुक्काहरूमा भने अन्य प्रसङ्गहरू टिपिएको हुन्छ तापनि अधिकांश भजनहरूमा धार्मिक प्रसङ्गलाई नै उठाइएको हुन्छ ।

भजनलाई विभिन्न पुस्तकहरूमा केही विद्वान्हरूले यसरी परिभाषित गरेका छन् :

नेपाली शब्दसागरका अनुसार आराध्य देवी-देवताको र गुरु आदिको नाम र महिमा बारबार लिने र गाउने काम, नामकीर्तन, गुणगान भजन हो ।[१०]

वृहत् नेपाली शब्दकोषका अनुसार कुनै देव-देवीको गुण-वर्णन गरिएको गीत भजन हो ।[११]

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलका अनुसार देवीदेवताको महिमापूर्ण गुणगान गरिएका गीतलाई भजनकीर्तन भनिन्छ ।[१२]

पद्मपुराणका अनुसार-

नाहं वसामि वैकुण्ठे योगिनां हृदये न च ।
मद्भक्ता यत्र गायन्तिं तत्र तिष्ठामि नारद ॥[१३]

श्री चैतन्य महाप्रभुका अनुसार भगवान्को नामसङ्कीर्तनले चित्तरूपी ऐनालाई सफा पार्दछ, संसाररूपी वनको डढेलोलाई निभाउँछ । कल्याणरूपी, कुमुद पुष्पलाई चन्द्रिका प्रदान गर्दछ, विद्यारूपी स्त्रीलाई जीवित राख्दछ, आनन्दरूपी समुद्रलाई बढाउँछ, पूर्ण अमृतको आस्वादन गराउँछ र सम्पूर्ण आत्माहरूलाई शुद्ध गर्दछ ।[१४]

श्रीमद्भागवत द्वादश-स्कन्धको तेश्रो अध्यायको अन्तिम श्लोकअनुसार

---

[१०] वसन्तकुमार शर्म्मा नेपाल र विनयकुमार शर्मा नेपाल, **नेपाली शब्दसागर**, काठमाडौं : शब्दार्थ प्रकाशन, २०६८, पृ. ९७७ ।

[११] ऐजन ।

[१२] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **लोकवार्ता विज्ञान र लोकसाहित्य,** पूर्ववत्, पृ. १२ ।

[१३] **पद्मपुराण**, उत्तर खण्ड, अ. ९२, श्लोक २२ ।

[१४] पद्मनाभाचार्य, **कीर्तन सङ्ग्रह** (उद्धृत), चितवन : श्रीशेषलक्ष्मीनारायण मन्दिर, पृ. ख ।

नाम-सङ्कीर्तनं यस्य सर्व-पाप-प्रणाशनम् ।

प्रणामो दुःखशमनस्तं नमामि हरिं परम् ॥[१५]

अर्थात् जुन भगवान् श्रीहरिको नामसङ्कीर्तनले जीवात्माहरूको सबै पाप नाश गर्दछ र जस्लाई साष्टाङ्ग प्रणाम गर्दा दुःख हटेर जान्छ, त्यस्ता परमात्मा हरिलाई प्रणाम छ ।

सामवेदका अनुसार "एतत् सामगामन्तस्ते"[१६] अर्थात् भजन-कीर्तन सामवेद गाउनेहरूको दर्शन हो ।

यसरी विभिन्न धार्मिक व्यक्तित्व र धार्मिक ग्रन्थहरूले भजनलाई एक भक्तिभावपूर्ण गेय विधाका रूपमा परिभाषित गरेका छन् । भजनकीर्तन गर्नाले धर्म हुने र मोक्षप्राप्ति हुने साथै परलोकमा सुख प्राप्ति हुने विश्वास लोकमा छ जुन व्याख्या धार्मिक ग्रन्थहरूमा गरिएको छ ।

लोकभजनको विकासक्रमलाई हेर्ने हो भने मानव जातिको परापूर्वकाल सम्मको अनुमान लगाउन सकिन्छ । जब मान्छेमा सामान्य चेतनाको विकास हुन थाल्यो, मानिसहरू कृषि पेसा अर्थात् खेतीपातीमा लाग्न थाले, त्यतिबेलादेखि नै विभिन्न रूपमा देवीदेवताहरूको पूजाआजामा लाग्न थालेको पाइन्छ । कसैले सूर्यदेव, कसैले भूमिदेव, कसैले वायुदेव, कसैले अग्निदेव, कसैले नागदेव, कसैले इन्द्रदेव आदि आदि देवहरूको पूजाआजामा लाग्न थालेको देखिन्छ । मौखिक रूपमै ती देवहरूको स्तुति गर्न थालियो र भजनकीर्तन गाउन थालियो । समयको विकास क्रमसँगै खैजडी र मुजुराको साथमा विभिन्न अवसरहरूमा घरघरमा, देवालयहरूमा विभिन्न देवीदेवताका महिमा गाउन थालियो ।[१७]

जे-जसरी जुन रूपमा भजन गाइए पनि भजनको मुख्य उद्देश्य भनेको चित्तशुद्धिद्वारा मनलाई शान्ति प्रदान गर्नु, धर्मकर्मद्वारा मोक्ष प्राप्ति गर्नु, दिनभरिको परिश्रमपछिको थकानलाई कम गर्नुका साथै एकआपसमा मनोरञ्जन गर्नु नै हुन्थ्यो ।

लोकभजनको गायन खास गरी ब्राह्म सम्प्रदायका पण्डित/पुरोहित/पुजारीको नेतृत्वमा हुन्थ्यो, जुन परम्परा अद्यापि कायमै छ । सुरुसुरुमा खैंजडीको तालमा भजन गाइन्थ्यो भने पछि आएर मुजुराको पनि साथमा गाउन थालियो । लगभग ५०-६० वर्ष

---

[१५] **श्रीमद्भागवत**, द्वादश स्कन्दको तेस्रो अध्यायको अन्तिम श्लोक, पृ. ख (सम्पादकीय) ।

[१६] **सामवेद** ।

[१७] बाबुराम बैरागीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

अगाडिसम्म ब्राह्मणहरूले मादल (मिर्धुङ्गो) बजाउनु हुँदैन भन्ने मान्यता कायम थियो तर पछिपछि अर्थात् हालका दिनहरूमा भजनमा मादल लगायत कठताल, बाँसुरी, हार्मोनियम आदि वाद्यवादन सामग्रीहरूको मधुर सङ्गीतमा भजनहरू गाइन्छन् ।[१८]

भजन समूहमा गाइन्छन् । भजन गाउने समूहलाई भजने अर्थात् भजन मण्डली भनिन्छ । प्रायःजसो सबैखाले भजनमा एकजनाले भजन झिक्ने र अरूले सोही भजनलाई छोप्ने गर्दछन् । आजभोलि आएर दोहोरी अर्थात् दुई समूहमा भजन गाइने प्रचलनको पनि विकास भएको छ । त्यसै गरी हार्मोनियमको तालमा एक्लै भजन गुन्गुनाउने प्रचलनको पनि विकास भएको छ ।

भजनकीर्तनको रहस्यमय पक्ष त भजन गाउने क्रममा कसैकसैलाई भजन उत्रनु वा लाग्नु हो । भजन गाउँदै जाँदा भजन लाग्ने व्यक्तिहरूले अस्वभाविक क्रियाकलापहरू गर्न थाल्दछन् । हमुमान चरित्र गाउँदा हनुमान उत्रने व्यक्तिले भजन उत्रेपछि साहसिक र बलवान्पूर्ण कार्यहरू गर्न थाल्दछन् । घरघरका छानाहरूमा जानु, फलफूलका रुखहरूमा चढेर फल टिपेर ल्याउनु, केराका घरीलाई नै मुखले च्यापेर ल्याउनु, पानी भरिएका गाग्री आदि गह्रुङ्गा वस्तुहरू दाँतले च्यापेर ल्याउनु जस्ता खतरापूर्ण कार्यहरू गर्दछन् । यसरी हनुमान उत्रने व्यक्तिहरूले हनुमानका केही क्रियाकलाप देखाउँछन् । हनुमान पुरुषलाई उत्रने गर्दछ । हनुमान जस्तै राम, कृष्ण, राधा आदि चरित्रमा भजन गाउँदा पनि भजन उत्रने हुन्छ । राम, कृष्ण र राधा चरित्रमा भजन गाउँदा भजन उत्रने व्यक्तिहरूले काम्दै नाच्ने, बसेको ठाउँमा लट्ठिएर एकोहोरो हुने अर्थात् काम्ने मात्र पनि गर्दछन् । पुरुषको चरित्रमा पुरुषलाई र महिलाको चरित्रमा महिलालाई भजन उत्रने हुन्छ । यसरी भजन लागेका व्यक्तिहरूलाई भजन फुकाउने श्लोक गाएपछि भने ती व्यक्तिहरू पूर्ववत् अवस्थामा फर्कने गर्दछन् । यो भजनकीर्तनमा देखिने तन्त्रविद्याको प्रभाव मान्न सकिन्छ ।[१९]

यसरी मौखिक र श्रुतिपरम्परामा विकसित हुँदै र हुर्कदै आएको भजनकीर्तन परम्परामा पनि विविधता देखापर्न थाल्यो । कुनै भजन छोटा अर्थात् टुक्का प्रकारका हुन थाले त कुनै बालुन/बालन जस्ता लामा आकारका अभिनयात्मक हुन थाले । कुनै भजन भजनका बीचबीचमा गाइने भक्तिरस भन्दा भिन्न हास्य, शृङ्गार आदि रसप्रधान पनि हुन थालेको देखिन्छ ।

---

[१८] टीकाराम न्यूरेसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[१९] बाबुराम बैरागीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

अतः भजन परम्पराको विकाससँगै वर्तमानसम्म आइपुग्दा भजनका विभिन्न स्वरूपहरू देखा परिसकेका छन् । अपठित जनसमुदायबाट सिर्जित लोकभजनहरूको स्थान अब पठित र शिष्ट व्यक्तिहरूले लिन थालिसकेका छन् । जेहोस् लोकभजन र कीर्तनको शैली र स्रष्टाहरूमा परिवर्तन आए पनि लोकभजनको महत्त्व र उद्देश्यमा भने परिवर्तन आएको छैन ।

## २.१.४.२ लोकभजनका प्रमुख विशेषताहरू

### क) पौराणिक, धार्मिक प्रसङ्गमा आधारित

लोकभजनमा मुख्य गरी पुराणहरू र धार्मिक ग्रन्थहरूका प्रसङ्गहरूलाई विषयवस्तु बनाइएको हुन्छ । केही भजनहरूमा अन्य प्रसङ्गलाई उठाइए तापनि प्रायः भजनका विषय पौराणिक र धार्मिक नै हुन्छन् ।

### ख) रचनाकार र रचनाकाल अज्ञात

आजभोलि आएर केही व्यक्तिहरूले आफ्नो नाम राखेर छायाङ्कन र प्रकाशन गरे तापनि भजनहरू प्राचीन कालदेखि नै परम्परागत रूपमा चलेर आएका हुन्छन् । लोकभजन कसले र कहिले रचेको हो भन्ने जानकारी पाइँदैन र यी सामाजिकीकरण गरिएका हुन्छन् ।

### ग) मौखिक र श्रुतिपरम्परामा आधारित

हालका दिनहरूमा भजन-कीर्तनलाई लिपिबद्ध गर्ने, छायाङ्कन गर्ने, प्रकाशन गर्ने परम्पराको थालनी र विकास हुन थाले पनि यो मौखिक र श्रुतिपरम्परामा आधारित हुन्छ । लोकपरम्परा, लोकानुष्ठान, लोकविश्वास र लोकानुभूति यसका विशेष सम्पोषक हुन् ।

### घ) सामूहिक अभिव्यक्ति

लोकभजनको निर्माण र विकास लोकसमूहबाट गरिन्छ । यो वैयक्तिक नभएर अवैयक्तिक/निर्वैयक्तिक वा समूहगत हुनु यसको खास विशेषता हो ।

**ङ) परिवर्तनशील**

लोकभजन समय र स्थानअनुसार परिवर्तन हुने हुन्छ । यसमा हुने परिवर्तनशीलतालाई यसको विकासशीलता मानिन्छ । प्राचीनता, पारम्परिकता, हस्तान्तरणीयता, मौखिकता आदिका कारण यसमा समय-समयमा परिवर्तन देखा पर्छ ।

**च) सरल र सहज**

लोकजनमा कुनै प्रकारको कृत्रिमता, जटिलता, असहजता र अस्वाभाविकता नभई सरल र सहजता हुन्छ ।

**छ) लयात्मक र सङ्गीतात्मक**

गेयता र सङ्गीतात्मकता लोकभजनको अनिवार्य पहिचान मानिन्छ । यसको लयविधान, सङ्गीतात्मकता र गान शास्त्रीय परिपाटीको नभई स्वच्छन्द प्रकारको हुन्छ । यसलाई खैँजडी, मुजुरा, मादल, कठताल, बाँसुरी, हार्मोनियम आदि विभिन्न वाद्ययन्त्रहरूको प्रयोगबाट सङ्गीतपूर्ण बनाइन्छ ।

**ज) स्थानीयको पुनरावृत्ति**

लोकभजनका विभिन्न चरणहरूमा आउने स्थायी, टुक्का अथवा चुड्कालाई धेरै पटक पुनरावृत्ति गरिन्छ ।

**झ) आध्यात्मिक, उपदेशात्मक र मनोरञ्जनात्मक**

लोकभजन विशेष गरी धार्मिक भावबाट प्रेरित हुन्छन् । यसमा मनोरञ्जनका साथै शिक्षा, ज्ञान र उपदेश निहित रहन्छ ।

**ञ) स्वच्छन्द**

लोकभजन स्वच्छन्द प्रकृतिको हुन्छ । यसले कुनै प्रकारको बन्धन स्विकार्दैन र यो स्वतःस्फूर्त ढङ्गमा संरचित हुन्छ ।

**ट) लोकतत्त्वको प्रधानता**

लोकभजनमा लोकतत्त्वको प्रधानता हुन्छ । लोकभाषा, लोकविश्वास, लोकधारणामा लोकभजन पुरै भिजेको हुन्छ ।

**ठ) भावगत एकोन्मुखता**

लोकभजनमा भावगत एकोन्मुखता हुन्छ । लोकभजन साझा रूपले अनुभूत भाव वा विचारको अभिव्यक्ति हो । यसको विषय प्रायः सामान्य धार्मिक भए पनि घतिलो र औपदेशिक हुन्छ ।

**ड) प्रगीतात्मक**

लोकभजन प्रगीतात्मक हुन्छ । यो छोटो, छरितो, लयात्मक र गेय हुन्छ । यो एउटै भाव या विचारमा केन्द्रित रहन्छ ।[२०]

## २.१.४.३ लोकभजनको वर्गीकरण

लोकभजनको विस्तृत अध्ययन भएको छैन । लोकभजनको वैज्ञानिक वर्गीकरण पनि गरिएको पाइँदैन । हालसम्म लोकभजनको अध्ययन र वर्गीकरण विस्तृत रूपमा नभएकाले यसको वर्गीकरण गर्न पनि त्यति सहज छैन । लोकभजनलाई वर्गीकरण गर्ने निश्चित आधारहरूको पनि निर्धारण गरी नसकिएको अवस्थामा यसलाई केही प्रमुख आधारहरूमा वर्गीकरण यहाँ गरिएको छ । लोकभजनलाई समानताका आधारमा विभिन्न वर्ग वा समूहमा छुट्याएर यसका प्रकारहरू निर्धारण गरिएको छ । यहाँ लोकभजनका प्रकारहरू मात्र उल्लेख गरिएको छ । यसको उदाहरण सहित सामान्य व्याख्या चौथौ परिच्छेदमा गरिएको छ ।

लोकभजन वर्गीकरणका केही आधारहरू र तिनका प्रकारहरू यसप्रकार रहेका छन्-

**क) भौगोलिकता/क्षेत्रीयताको आधार**

अ) मध्यक्षेत्रीय भजन

आ) पूर्वेली भजन

---

[२०] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **लोकवार्ता विज्ञान र लोकसाहित्य,** पूर्ववत्, पृ. ७७-७८ ।

**ख) आस्थाको आधार**

अ) शिवसम्बन्धी भजन

आ) नारायण (विष्णु)सँग सम्बन्धित भजन

इ) कृष्णसँग सम्बन्धित भजन

**ग) उद्देश्यको आधार**

अ) धार्मिक/भक्तिरस प्रधान

आ) मनोरञ्जनात्मक/अन्यरस प्रधान

**घ) कालक्रमको आधार**

अ) पुराना धार्मिक भजन

आ) समसामयिक सचेतनामूलक भजन

**ङ) आकारको आधार**

अ) फुटकर/टुक्का भजन

आ) लामा/नाटकीय भजन

**च) विश्रामको आधार**

अ) खण्ड भजन

आ) अखण्ड भजन

यसरी केही प्रमुख आधारहरूमा भजनलाई वर्गीकरण गरिएको छ । यीभन्दा अन्य भिन्न आधार र प्रकारहरू भेटिन सकिने कुरालाई नकार्न सकिँदैन ।

## २.२ चितवन जिल्लाको सामान्य परिचय र लोकभजन गाइने प्रमुख स्थल, अवसर एवं पर्वहरू

### २.२.१ चितवन जिल्लाको सामान्य परिचय

नेपाल अधिराज्यको राजनैतिक विभाजनअनुसार मध्यमाञ्चल विकासक्षेत्रअन्तर्गत नारायणी अञ्चलमा पर्ने पाँचवटा जिल्लाहरूमध्येको चितवन एक हो । चित्रवन शब्दले चिनिने यो ठाउँको नाम अपभ्रंस भएर पछि चितवन भएको भन्ने भनाइहरू पनि भेटिन्छन् ।

भौगोलिक रूपमा पहाड र तराई दुवैको प्रतिनिधित्व गर्ने यस जिल्लामा दारेचोक, चण्डीभञ्ज्याङ, कविलास जस्ता दुर्गम पहाडी गा.वि.स.हरू र नारायणगढ र टाँडी जस्ता अति सुगम सहरहरू पनि छन् । अग्ला पहाडहरू, समथर फाँटहरू, शान्त नदी र तालतलैयाहरू, पवित्र देवालयहरू चितवन जिल्लाका पहिचान हुन् । नवलपरासी, तनहुँ, गोर्खा, धादिङ, पर्सा जिल्लाहरूसँग यसको सीमा जोडिएको छ भने दक्षिणमा छिमेकी राष्ट्र भारतसँग पनि यसको सीमा जोडिएको छ । चितवन जिल्लाको उत्तर र दक्षिण सीमा हुँदै बग्ने नारायणी र लगभग यसको मध्यभाग हुँदै बग्ने राप्ती नदी यहाँका प्रमुख नदीहरू हुन् ।

चितवन सांस्कृतिक विविधतामा धनी जिल्ला हो । यहाँ नेपाल अधिराज्यभित्र बसोबास गर्ने सबै जातजातिको बसोबास छ । यहाँ विविध जातिका संस्कारहरू र संस्कार अनुसारका सांस्कारिक अनुष्ठान एवं गीतहरू देख्न र सुन्न सकिन्छ । दशैं, तिहार, तीज, छठ, ल्होसार, फागुपूर्णिमा, जनैपूर्णिमा, माघेसङ्क्रान्ति, साउनेसङ्क्रान्ति, हरिबोधनी एकादशी, हरिशयनी एकादशी, गाईजात्रा एवं जातअनुसारका जातीय पर्वहरू यहाँका प्रमुख पर्वहरू हुन् । सबैजसो पर्वहरूमा प्रत्यक्ष वा परोक्ष रूपमा सबै जातजातिको संलग्नता रहेको पाइन्छ ।

हावापानीको दृष्टिले चितवन कहिले प्रचण्ड गर्मीले तात्ने गर्दछ त कहिले कठ्याङ्ग्रिने ठण्डीले सेलाउने गर्दछ । प्रचण्ड गर्मीमा पनि गर्मीको अनुभव नहुने अग्ला पहाडहरू पनि यहाँ छन् जाडो याममा कुहिरोभित्र लुक्ने फाँटहरू पनि यहाँ छन् ।

चितवन जिल्लामा केही आदिवासीहरूको बसोबास पहिलेदेखि नै हुँदै आए तापनि अधिकांश जातजातिहरूको बसोबास २०१२-१३ सालदेखि हुँदै आएको हो । हाल आएर यहाँका अधिकांश भागहरूमा घना वस्ती छ । जातीय अनेकताभित्र हार्दिक एकता छ । यसको ज्वलन्त उदाहरण २०६८/०६९ मा मुलुकलाई सङ्घीयतामा लैजाने राजनैतिक पार्टीहरूको निर्णयअनुसार चितवनलाई छेदविच्छेद बनाएर विभिन्न प्रदेशहरूमा टुक्र्याउने निर्णयप्रति चितवनबासीको विरोधलाई लिन सकिन्छ । 'अखण्ड चितवन' चितवनबासीको माग थियो तर सङ्घीयताको विरोध होइन ।

चितवन जिल्लालाई घना जङ्गलले पूर्वी र पश्चिमी चितवनमा विभाजन गरेको छ । यहाँ भरतपुर र रत्ननगर गरी दुई नगरपालिकाहरू छन् र अन्य थुप्रै गा.वि.स.हरू छन् । देवघाटधाम, शिवघाट, नारायणी घाट र थुप्रै देवीदेवताका मन्दिरहरू यहाँका धार्मिक स्थलहरू हुन् ।

यसरी चितवन आफैँमा पूर्ण, पवित्र, सुन्दर र अखण्ड छ भन्न सकिन्छ ।

## २.२.२ लोकभजन गाइने प्रमुख स्थल, अवसर एवं पर्वहरू

नारायणी नदीको जलले पवित्र चितवन जिल्लामा रहेका विभिन्न धार्मिक स्थलहरू जस्तै देवघाट धाम, शिवघाट, नारायणी घाटमा अवस्थित विभिन्न मन्दिहरू लोकभजन गाइने प्रमुख स्थलहरू हुन् । त्यस्तै भरतपुर नगरपालिका भित्रका नारायणमन्दिरहरू, शिवालयहरू, गणेश मन्दिहरू र विभिन्न देवीहरूका मन्दिरहरू पनि लोकभजन गाइने प्रमुख स्थलहरू हुन् । रत्ननगर नगरपालिका भित्र र भरतपुर नगरपालिका आसपासका कृष्णमन्दिर, राम मन्दिर, शिव मन्दिर र अन्य देवीदेवताका मन्दिरहरू पनि लोकभजनका प्रमुख स्थलहरू हुन् ।

एकादी जस्ता पर्वहरूमा निश्चित स्थानहरू मात्र नभई बाटाघाटा र नदीघाटहरू पनि लोकभजन गाइने स्थानहरू हुन् । आजभोलि देखिएका समसामयिक भजनहरूका लागि आन्दोलन स्थल, शहरबजार, चोकचोकहरू पनि भजन गाइने स्थानहरू हुन् । विभिन्न लोकसंस्कार र पर्वहरूमा व्यक्ति विशेषका घरहरूपनि भजन गाइने स्थानहरू हुन् ।

विशेष गरी भजन विभिन्न अवसर र पर्वहरूमा गाइन्छन् । शिवरात्री, श्रीकृष्ण जन्माष्टमी, एकादशी, रामनवमी, वैकुण्ठ चतुर्दशी, सूर्य ग्रहण, चन्द्रग्रहण, नवदुर्गा आदि पर्वहरूमा भजन गाइन्छन् । त्यस्तै धार्मिक अनुष्ठान, धार्मिक संस्कारहरू जस्तै छैटी, व्रतबन्ध, पास्नी, पूजा, तीर्थगमन आदि अवसरहरूमा पनि भजन गाइन्छन् ।

हाल आएर चितवन जिल्लाका केही मन्दिरहरूमा वृद्धवृद्धाहरू दैनिकजसो जम्मा हुने र भजन गाउने पनि गर्दछन् । सञ्चारको विकासले गर्दा विभिन्न सञ्चारका प्रसारण केन्द्रहरूमध्ये विभिन्न टेलिभिजन, विभिन्न एफ.एम. रेडियो र केन्द्रीय प्रसारणहरू पनि भजन प्रसारण गर्ने केन्द्र बनेका छन् ।

## २.३ निष्कर्ष

यसरी लोकसाहित्यको लोकगीत विधाअन्तर्गत पर्ने विभिन्न प्रकारका लोकगीत मध्ये धार्मिक लोकगीत अन्तर्गतको लोकभजन एउटा प्रकार हो । लोकभजनका आफ्नै विशेषताहरू हुन्छन् । यी भजनहरूलाई विभिन्न आधारमा वर्गीकरण गरी अध्ययन गरिएको छ । भजनको विकासक्रमले ठूलै फड्को मारिसकेकाले यसले नयाँनयाँ स्वरूप ग्रहण गर्न थालेको छ । भौगोलिक विविधतापूर्ण चितवन जिल्लामा जातीय अनेकताभित्र एकता छ । यहाँका अनेक जातिहरूका आफ्नै संस्कारहरू छन् । त्यस्तै संस्कारहरूमध्ये विभिन्न अवसर, वर्ष र स्थानहरूमा गाइने भजनहरूको आफ्नो छुट्टै महत्व रहेको छ ।

# परिच्छेद : तीन

# चितवन जिल्लामा गाइने विविध लोकभजनहरूको सङ्कलन र वर्गीकरण

## परिच्छेद : तीन

# चितवन जिल्लामा गाइने विविध लोकभजनहरूको सङ्कलन र वर्गीकरण

### ३.१ चितवन जिल्लामा लोकभजन

चितवन जिल्लाको इतिहास हेर्ने हो भने समयक्रमले त्यतिलामो इतिहास भेटिँदैन । त्यतिलामो इतिहास नभए पनि नेपाल अधिराज्यको विभिन्न ठाउँबाट बसाइँ सरी आएका चितवनवासीहरूले आफ्नो इतिहास आफूसँगै बोकेर आएका छन् । आफ्नो संस्कार र परम्पराहरू आफूसँगै लिएर आएका छन् । आफ्ना पर्व र सुखदुःख बोकेर आएका छन् । समयक्रमले छोटो इतिहास भेटिए तापनि यहाँ बसोबास गर्ने विविध समुदायले गर्दा यहाँको इतिहास समृद्ध देखिन्छ ।

विभिन्न पहाडी जिल्लाहरूको अवलोकन पश्चात् यो प्रस्ट देखिन्छ कि जहाँबाट प्राचिन धार्मिक परम्पराहरूको थालनी र विकास भएको थियो ती ठाउँहरू अहिले छोरी अन्माएका घर जस्ता देखिन थालेका छन् । एकादुई स्थानलाई छोडेर प्रायः पहाडी भेगमा भजन र कीर्तनको परम्परा पनि हराउँदै गएको छ । धार्मिक अनुष्ठानका लागि व्रतरत समूहमा पनि ईश्वर भक्तिको भावले भरिएका भजनहरूमा भन्दा शृङ्गार रसले भरिएका दोहोरी लोकगीततर्फ आकर्षण बढेको देखिन्छ ।

हाल आएर चितवन जिल्लामा आस्था र अनास्थाको प्रतिस्पर्धामा आस्थाकै प्रभावकारिता प्रबल रूपमा देखिन्छ । ईश्वरमा आस्था राख्नेहरू कटिबद्ध देखिन्छन् । यहाँका हरेक देवालयहरूमा लोक भजनको जगेर्ना गरिएको छ । यहाँका हरेक मन्दिरहरूमा दैनिक रूपमा भजनकीर्तन नगरिए पनि केही मन्दिरहरूमा हरेक दिनजसो भजनकींतन गरिन्छ । दैनिक भजनकीर्तन नहुने मन्दिरहरूमा पनि आरती गरिन्छ । हप्ताको एकदिन भएपनि साँझपख भक्तहरू जम्मा भएर भजनकीर्तन गाउने परम्पराको विकास भएको छ । यहाँका शिवालयहरूमा प्रायः सबै जसो सोमवार, गणेशालयहरूमा मङ्गलवार, नारायणालयहरूमा

बुधबार यस्त-यस्तै मन्दिरहरूमा यस्तै यस्तै बारहरूमा भजनकीर्तन गर्ने परम्परा विकसित भएको छ ।

हाल आएर एउटै प्रकारका भजनहरूको विकास हुन थाले पनि विभिन्न अवसरहरूमा थरिथरिका भजनहरू यहाँ भेटिन्छन् । उदाहरणका निम्ति ठुली एकादशी (हरिबोधनी एकादशी) मा यहाँका बाटाघाटाहरूमा र नारायणघाटमा नेपालका विभिन्न क्षेत्रमा गाइने भजनहरू छरपस्टै देख्न सकिन्छ ।

यसरी के प्रस्ट हुन्छ भने जसरी खोला र नदीहरू आफ्ना उद्‌गम स्थलहरूबाट बग्दै जाँदा समुद्रमा गएर मिसिन्छन् र समुद्रको विशालरूप प्रकट हुन्छ त्यसरी नै विभिन्न ठाउँबाट आएका जनसमुदायहरूले चितवन जिल्लालाई भजन कीर्तनको समृद्ध स्थलको रूपमा चिनाएका छन् ।

## ३.२ चितवन जिल्लामा गाइने लोकभजनका प्रकार

चितवन जिल्लामा खास गरी नेपालका अधिकांश भूभागबाट मानिसहरू बसोबास गर्न आएका छन् । विभिन्न क्षेत्रबाट आएका समुदायहरूमा संस्कारगत विविधता पनि छन् तसर्थ यहाँ गाइने भजनहरूमा पनि विविधता भेटिन्छ । यहाँ गाइने भजनहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । लोकभजन वर्गीकरणका आधारहरू र तिनका प्रकारहरू यसप्रकार छन्-

### क) भौगोलिकता/क्षेत्रीयताको आधार

भौगोलिकता वा क्षेत्रीयताको आधार भन्नाले नेपालको विभिन्न भूगोल वा क्षेत्रबाट चितवन जिल्लामा बसोबास गर्न आएका जनसमुदायहरूको आधार हो । चितवन जिल्लामा खास गरी गोर्खादेखि पश्चिम बाग्लुङ्गसम्मको भूभागबाट ठूलो समूहमा मानिसहरू बसाइँ सरी चितवन जिल्लामा आएका छन् । त्यस क्षेत्रलाई मध्यक्षेत्र भनिएको छ र त्यस क्षेत्रबाट बसाइँ सरी आएका समुदायमा गाइने भजनलाई मध्यक्षेत्रीय भजनमा राखिएको छ । त्यस्तै धादिङ्ग र धादिङ्ग पूर्वका भूभागबाट चितवन जिल्लामा बसाइँ सरी आएका मानिसहरूको समूहरूको पनि ठूलै प्रतिनिधित्व छ । त्यस क्षेत्रलाई पूर्वी क्षेत्र भनिएको छ र त्यस क्षेत्रबाट बसाइँ सरी आएका समुदायमा गाइने भजनलाई पूर्वेली भजनमा राखिएको छ । यस आधारमा भजनहरूलाई मध्यक्षेत्रीय र पूर्वेली गरी दुई प्रकारमा छुट्टयाइएको छ :

**ख) आस्थाको आधार**

आस्थाको आधार भन्नाले व्यक्तिले ईश्वरप्रति राख्ने आस्था हो । हिन्दूधर्म मान्ने मानिसहरूमा पनि फरक फरक देवतामा आस्था विश्वास गर्ने मानिसहरूको समूह चितवन जिल्लामा बसोबास गर्छ । यहाँ खास गरी शिव, विष्णु, राम, कृष्ण आदि देवताहरूमा विश्वास र आस्था गर्ने समुदायहरू छन् । यस आधारमा लोकभजनलाई निम्नानुसार वर्गीकरण गरिएको छ-

अ) **शिवसम्बन्धी भजन :** शैवावलम्बी अर्थात् शिवधर्म मान्ने समुदायमा खासगरी शिवसँग सम्बन्धित भजनहरू गाउने चलन छ । यी समुदायहरूमा शिवसँग सम्बन्धित भजनका साथै कृष्ण, विष्णु, रामका साथै विभिन्न देवीदेवताहरू सम्बन्धी भजनहरू पनि गाउने चलन छ ।

आ) **नारायण (विष्णु) सँग सम्बन्धित भजन :** वैष्णव धर्म मान्ने अर्थात् वैष्णवावलम्बीहरूमा नारायण (विष्णु) र रामसँग सम्बन्धित भजनहरू मात्र गाइने प्रचलन छ ।

इ) **कृष्णसँग सम्बन्धित भजन :** कृष्णप्रणामीहरूमा कृष्णसँग सम्बन्धित भजनहरूमात्र गाइने र अन्य देवताहरूप्रति त्यति विश्वास पनि नगर्ने प्रचलन रहेको पाइन्छ ।

**ग) उद्देश्यको आधार**

उद्देश्यको आधार भन्नाले भजन गाइनुको उद्देश्यलाई मानिएको छ । धार्मिक उद्देश्यले गाइने भजनहरूको बीचबीचमा चुड्का र रोइला जस्ता शृङ्गार र हास्य रस प्रधान भजनहरू पनि गाइन्छन् र मनोरञ्जन लिइन्छ । यस आधारमा भजनलाई धार्मिक र मनोरञ्जनात्मक अर्थात् भक्तिरस प्रधान र अन्यरस प्रधान भजन गरी दुई प्रकारमा छुट्याउन सकिन्छ ।

**घ) कालक्रमको आधार**

कालक्रमको आधार भन्नाले समयक्रम भन्ने मानिएको छ । जुन भजन परापूर्वकालदेखि गाइँदै आइए, जसमा प्राय: धार्मिक भाव भेटिन्छ त्यस्ता

भजनहरूलाई पुराना धार्मिक भजन मानिएको छ । जुन भजन आधुनिक समयमा धार्मिक भावभन्दा पनि समसामयिक परिवेशलाई लिएर गाइन्छन् । जसमा सचेतनाका भावहरू हुन्छन् त्यस्ता भजनहरूलाई समसामयिक सचेतनामूलक भजनमा राखिएको छ । यसरी यस आधारमा भजनलाई पुराना धार्मिक भजन र समसामयिक सचेतनामूलक भजन गरी दुई प्रकारमा छुट्टाइएको छ-

**ङ) आकारको आधार**

आकारको आधारमा भजनलाई फुटकर (छोटा/टुक्का) भजन र लामा (नाटकीय) भजन गरी दुई प्रकारमा छुट्याइएको छ । जुन भजनहरू टुक्काको रूपमा गाइन्छन्, त्यस्ता भजनलाई फुटकर भजन र जुन भजनलाई नाटकीय रूपमा हाउभाउ सहित निरन्तर गाइन्छ त्यस्ता भजनलाई लामा भजनमा राखिएको छ ।

**च) विश्रामको आधार**

विश्रामको आधार भन्नाले भजन गाउने क्रममा हुने विश्राम वा अडानको आधार हो । यस आधारमा भजनलाई खण्ड र अखण्ड गरी दुई प्रकारमा छुट्टाइएको छ । जुन भजनहरू रोकिँदै टुक्का वा चुड्काको रूपमा प्रत्येक टुक्का वा चुड्कापछि विश्राम लिँदै गाइन्छ ती भजन खण्ड भजन हुन् भने निश्चित समयसीमा तोकी २४, ३६, ४८ आदि घण्टासम्म नरोकिई गाइन्छ त्यस्ता भजन अखण्ड भजन हुन् ।

यसरी विभिन्न आधारहरूमा चितवन जिल्लामा प्रचलित भजनहरूलाई वर्गीकरण गरिएको छ । यी भन्दा अन्य प्रकारहरू पनि समयक्रमको अन्तरालमा भेटिन सक्ने सम्भावनाहरू त्यत्तिकै देखिन्छन् ।

## ३.३ लोकभजनका उदाहरणहरू

विभिन्न स्रोतबाट सङ्कलित लोकभजनहरूलाई यहाँ प्रस्तुत गरिएको छ । प्रस्तुत गर्ने क्रममा विभिन्न प्रकारका लोकभजनका उदाहरणका रूपमा प्रस्तुत गरिएको छ ।

### ३.३.१ मध्यक्षेत्रीय भजनहरू

**क) भगवान् शिवसम्बन्धी भजन (धार्मिक/भक्तिरस प्रधान)**

जय शम्भो कैलाशपति

नम शिवाय नम शिवाय

ॐ नम शिवाय नम शिवाय ।

धुनी लगाए धुनी लगाए

कैलाशमा शिवले धुनी लगाए ।

कति सुहायो कति सुहायो

नागको माला बाघको छाला कति सुहायो ।

उनै शिवजीको उनै शिवजीको

नागको माला बाघको छाला चन्द्रमाको टीको ।

कति सुहायो, कति सुहायो

शिवजीलाई पार्वती कति सुहायो ।

यो पनि शिवको त्यो पनि शिवको

सारा संसार शिवको म पनि शिवको ।

शिव जटाधारी कैले होला सवारी, कैले होला सवारी ।

तिनै नेत्रधारी हुनै लाग्यो सवारी, हुनै लाग्यो सवारी ।

यस्ता शिव भगवान्सँग सम्बन्धित भजनहरू विशेष गरी शिवरात्री पर्व, अक्षयतृतीया, श्रावण महिनाको सोमबार एवं शिव सम्बन्धी पूजा-आराधनामा गाइन्छन् ।

**ख) भगवान् विष्णु, नारायण, रामसँग सम्बन्धित भजन (धार्मिक भक्तिरस प्रधान)**

श्रीमन्नारायण नारायण ना.....रा......यण ।

श्रीमन्नारायण नारायण ना.....रा......यण ।

भजमननारायण नारायण ना.....रा......यण ।

लक्ष्मीनारायण नारायण ना.....रा......यण ।

लक्ष्मीनारायण नारायण ना.....रा......यण ।

मुक्तिनारायण नारायण ना.....रा......यण ।

बोलो !

श्रीमन्नारायण नारायण ना.....रा......यण ।

हरेराम हरेराम, रामराम हरेहरे

हरे कृष्ण हरे कृष्ण, कृष्ण कृष्ण हरेहरे

कर्कलाको पानी जस्तो हाम्रो जीवन

छोडी जाने संसारलाई मेरो नभन ।[१]

यस्ता भजनहरू विशेष गरी श्रीवैष्णव धर्मावलम्बीहरूले नारायण मन्दिरहरूमा गाउने गर्दछन् । यी भजनहरूका साथमा यहाँ प्रस्तुत जस्तै चुड्का भजनहरू पनि गाउने गर्दछन् ।

### ग) भगवान् कृष्णसँग सम्बन्धित भजन

कृष्णप्रणामी सम्प्रदायमा भगवान् कृष्णसँग सम्बन्धित भजन मात्र गाइने प्रचलन छ । रत्ननगर-१०, जिरौनाको कृष्ण मन्दिरमा गाइएको भजन यहाँ प्रस्तुत छ-

परमधामको रंग मोहल, आत्माको दर्बार,
संसारमा आत्माको, छैन भरवार,
कृष्ण नामको बत्ती बाली गरौं विचार,
आत्माको दृष्टि जागृत गरी छोड्दिउँ संसार ।

मोह माया अज्ञानलाई सबै छोडी दिऊँ,
साँचो नाम कृष्णजीको हामी जपी लिऊँ,
दुःखरूपी संसार हो, सबले बुझिलिऊँ,
कृष्णजीको चरणमा सबले मन दिऊँ ।

छिट्टै आउन पाऊँ प्रभो संसार यो तरेर,
वृन्दा सखी बिन्ती गर्छु, शरणमा परेर,
राज श्यामा जन्म दियौ कति छिनलाई,
जाने बेला भएपछि आउँदै लिनलाई ।

[१] फूलनाथ निउरेसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

### घ) मनोरञ्जनात्मक/अन्यरस प्रधान भजन

**रोइला भजन**

ऐले पोखरामा
मलमल सक्यो ढाकाले
छोप रोइले भाकाले ।
म त एकलकाटे
पोखरीको मौला झैँ
नचिनेको नौला झैँ ।
लाको सुहाउँदैन
खाना खायो पच्दैन
यो ज्यान धेरै बच्दैन ।
माथि दलानबाट
को हो मलाई बोलाउने
फेरि किन टोलाउने ।
माथि सारङ्कोट
मुनि पऱ्यो बैदाम ताल
क्यारी बित्यो मायाजाल ।
ईश्वर भगवान्
कर्म कति अप्ठ्यारो
कुर्ने पऱ्यो चौतारो ।
आँखा नदेखेर
हिँड्छु लौरो टेकेर
भाविले यस्तै लेखेर ।[२]

**चुड्का भजन**

बस गुँदरीमा
धुलो मैलो सर्दैन
पैसा तिर्नु पर्दैन ।

---

[२] बाबुराम वैरागी (न्यौपाने)सँगको मौखिक अन्तर्वार्ताअनुसार ।

लङ्का फूलवारी
उखेली मैदान बनायो
चढाउ भगवान्लाई धूप-दीप-नैवेद्य ।
सँगीलाई डाक्ने रेशमी रुमाल
रातो है तुल जस्तो
पिंगुवा दोभान कान्छीको जोवान
गुराँसको फूलजस्तो ।
हेरौंला पात्रो जुराउँला साइत
मङ्सिरको कुनै वार
चाँदीको सिक्री म बैना दिन्छु
लाऊ कान्छी चन्द्रहार ।
लसमा लस मसला पिन्नु
लोहोरी भए पो
एकोरी माया म कति गरूँ
दोहोरी भए पो ।
बाउन्न कोठा, बाउन्न ढोका
राजाको दरबार
अल्लारे जीवन लाहुरे बैंस
भएन घरवार ।

यस्ता अन्यरस प्रधान चुड्का, रोइला भजनहरू भजनकै बिचबिचमा स्रोताहरूलाई हँसाएर मनोरञ्जन प्रदान गर्नका लागि गाइन्छन् ।

**ङ) पुराना धार्मिक भजन (आरती भजन)**

सन्जे जगाऊ भक्त, दीपक जगाऊ
जै आरतीको बेला भयो भक्त हो आरती जगाऊ ।
पुरीबदेखि सन्जे आरती दक्षिण दिशा जाऊ २
दक्षिणका यमराजले दीपक जगाऊ ।
सन्जे जगाऊ भक्त, दीपक जगाऊ
जै आरतीको बेला भयो भक्त हो आरती जगाऊ ।

दक्षिणदेखि सन्जे आरती पश्चिम दिशा जाऊ २

पश्चिमकी चामुण्डा माइले दीपक जगाऊ ।

सन्जे जगाऊ.....................................

......................................................

पश्चिमदेखि सन्जे आरती उत्तर दिशा जाऊ २

उत्तरका कैलाशपतिले दीपक जगाऊ ।

सन्जे जगाऊ.....................................

......................................................

उत्तरदेखि सन्जे आरती पूरीव दिशा जाऊ २

पूरीवका चन्द्र र सूर्यले दीपक जगाऊ

सन्जे जगाऊ.....................................

......................................................

पूरीवदेखि सन्जे आरती आकाश दिशा जाऊ २

आकाशका नौलाखे ताराले दिपक जगाऊ

सन्जे जगाऊ.....................................

......................................................

आकाशदेखि सन्जे आरती पाताल दिशा जाऊ२

पातालका वासुकी नागले दीपक जगाऊ

सन्जे जगाऊ.....................................[३]

......................................................

यस्ता आरती भजन भजन गाउने बेला सुरुमा गाइन्छन् र अनि भजन सुरु गरिन्छन् ।

**भजन चुडका**

पैलेको चरण, देव देवताको शरण ५/७ - भजन

ब्रह्मा विष्णु महेश्वर तेत्तीसकोटी देउता

फूलपाती चढाउँछौ हामी यौटा यौटा टुक्का

देवी देवताको शरण......................

[३] बाबुराम वैरागीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

कोही पनि छैनन् मेरा, नहेर राम रमिता ५ ⁄ ७
बल बुद्धि छँदासम्म मानिसको घेरा
बल बुद्धि घट्दै जाँदा कोही पनि छैनन् मेरा
नहेर राम रमिता...............................
ऐले कलियुगमा रामकै नाम ठूलो छ । ५ ⁄ ७
कोही भन्छन् राम कोही भन्छन् हरि
दुःखी जीवन बिताउने हो अब कसो गरी
ऐले कलियुगमा..............................
ढोका खोल राम भक्त आए मन्दिरमा ५ ⁄ ७
भगवान्को मन्दिरमा चारैतिर ढोका
आयौं हामी शरणमा दर्शनका भोका
ढोका खोल....................................
रामलाई बनीबास भरतलाई रजाइँ ५ ⁄ ७
जापानीको कश्मिरा चिनियाको कोरा
कोहीलाई बनबास कोहीलाई रजाइ यौटै बाबुका छोरा
रामलाई बनीबास.............................
रामुन्नेको दरबारमा पूर्व र पश्चिम झ्याल
राम लक्ष्मणलाई बनबास लाउने कैकेयीको ख्याल ।
पीर पर्छ मनमा नजाऊ राम वनमा
अयोध्याका जनताको गर्नुपर्छ सेवा
जसले गर्छ राम्रो सेवा उसलाई मिल्छ मेवा
पीर पर्छ मनमा.............................
बाघ भालु वनमा घुम्छन् रुखमुनि डेरा
हरेक पाइला खतरा छ राक्षसको घेरा
नजाऊ सीता रानी विपत् पर्छन् वनमा
दरबारमा हुर्किएकी वनमा दुःख हुन्छ
मानिसको वेदनलाई त्यहाँ कस्ले सुन्छ
जतन गर राम सीता माइलाई वनमा[४]

[४] बाबुराम वैरागीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

## च) **समसामयिक सचेतनामूलक भजन**

(भ.न.पा. ५ लङ्कुमा अवस्थित देवीलाल निउरे निवासमा सोमनाथ निउरेका सुपुत्र बटुक-रमेश निउरेको शुभ ब्रतवन्ध कार्यक्रममा हिरालाल कंडेलको नेतृत्वको भजन मण्डलीले गाएका भजनहरू)

हरि भजौं जिन्दगीको पहिलो चरणमा २

आखिरीमा जानुपर्छ हरि शरणमा २

हरि शरणमा............................

हरि

यसै हुन्छ भन्ने भावना भैदियो

आशिष दिंदा भन्थे सबले ठूलीठूली भए २

कुनै कुरा बुझिएन सबै व्यर्थ भए

सबै व्यर्थ भए

जीवन बितिसकेपछि जिउने ढङ्ग आयो

जिउने ढङ्ग आयो

शिव भजौं जिन्दगीको पहिलो चरणमा२

आखिरीमा जानैपर्छ शिव शरणमा

शिव शरणमा

हरि

लक्ष्मी नारायण भगवान्को जय !

योग गरौं जिन्दगीको पहिलो चरणमा २

आखिरीमा जानैपर्छ योग शरणमा

योग तरणमा

हरि

योगेश्वर भगवान्को, जय ! सर्वसुन्दर भगवान्को, जय !

सर्व अन्तर्यामी भगवान्को जय !

सर्वशक्तिमान भगवान्को, जय !

श्रद्धालु सज्जन वृन्दको, जय !

आजको आनन्दको, जय !

जसमा रामको नाम छैन, जसमा रामको नाम छैन

त्यो माला के कामको जसमा रामको नाम छैन

जसमा रामको नाम छैन

हरि

जसले राम भज्दैन त्यस्को कुनै काम छैन

त्यस्को कुनै काम छैन

त्यो माला.......................................

त्यो थैली के कामको जुन थैलीमा दाम छैन

जुन थैलीमा दाम छैन

त्यो माला.......................................

हरिहर भगवान्को, जय ! सर्वेश्वर भगवान्को, जय ।

योगेश्वर भगवान्को, जय !

त्यो दिन के कामको जस्मा झुल्के घाम छैन

जस्मा झुल्के घाम छैन

त्यो माला.........................................

हरि

त्यो जीवन के कामको जस्मा खाने माम छैन

जस्मा खाने माम छैन

त्यो माला.........................................

हरि

त्यो घर के कामको जस्मा बस्ने ठाम छैन

जस्मा बस्ने ठाम छैन

त्यो माला.........................................

हरि

त्यो गाउँ के कामको जस्मा प्रभुको धाम छैन

जस्मा प्रभुको धाम छैन

त्यो माला.............................................

हरि

कुरा काट्छन् कम्मर कसेर

रामको नाम भुलेर

दुईचार जना बसेर

कुरा काट्छन् कम्मर कसेर

रामको नाम..................

.................................

बाँचुन्जेल मीठो बोली बोल्नै चाहेन

मरेपछि एक शब्द नि बोल्नै पाएन

बोलिदेन पापी मन राम राम बोल

जिन्दगीको छैन मोल राम राम बोल

राम राम बोल

मरेपछि को आउँछ र फेरि फर्केर

धनीमानी नहिँड धेरै नक्कल पारेर

कले लग्यो सम्पत्ति पोको पारेर

बोलिदेन पापी मन राम राम बोल

जिन्दगीको छैन मोल राम राम बोल

राम राम बोल

बाँचुन्जेल गहनाले नाक कान दुखाउँछन्

मरेपछि शरीर पोल्छन् गहना फुकाउँछन्

ज्यूँदो छँदा मान सम्मान दिन्छन् सलामी

मरेपछि लान्छन् फाल्छन आउँछन् मलामी

बोलिदने पापी मन राम राम बोल

जिन्दगीको छैन मोल राम राम बोल

बोलिदेन..................................

राम राम बोल

हे..... हिन्दा पनि राम बस्दा पनि राम

हृदयमा रामै राम मनमा पनि राम

राम राम हरि ॐ

हरि.................

यो पनि रामको त्यो पनि रामको

सारा सन्सार रामको मै पनि रामको

राम राम हरि ॐ

बालक अवस्था कसरी बित्यो

यादै रहेन कहिले बित्यो ।

यादै रहेन कहिले बित्यो ।

युवक अवस्था याद जम्मै रह्यो

जहाँ गयो त्यहीँ सम्मै भयो

सत्य सम्भिmन मर्म सम्भिmन

राम जप्ने कुरै छोडौं धर्म सम्भिmन

धर्म सम्भिmन ।

सबै भन्दा राम्रो बन्छु भनी

लाली पाउडर लेपि हिनैँ

सबै भन्दा बलवान मै हुँ भनी

निर्धाहरूलाई हेपी हिनैँ

निर्धाहरूलाई हेपी हिनैँ

सधैं यस्तै पुग्छ भन्ने भ्रममा परैँ

माता पितालाई पनि हेला गरैँ

सत्य सम्भिmन मर्म सम्भिmन

राम जप्ने कुरै छोडौं धर्म सम्भिmन ।

हेरदा हेरदै दिन गए

छोरा छोरीहरू तन्नेरी भए

जस्तो महिले पहिला गरैँ

उस्तै अहिले उनले गरे ।

केश फुलिसके नजर बसे

चाउरी पऱ्यो मुहार दाँत खसे

छोरा बोल्दैन ब्वारी बोल्दिन
अब राम जप्छु भन्छु मौके मिल्दैन
पहिला सत्य सम्भिmन मर्म सम्भिmन
राम जप्ने कुरै छोडौं धर्म सम्भिmन
अहिले हात चल्दैन खुट्टा चल्दैन
बुढेस कालमा मेरो आफ्नै छोरा बोल्दैन
छोरा बोल्दैन ब्वारी बोल्दिन
अब राम जप्छु भन्छु मौकै मिल्दैन
अब राम.................................
हरि
मौका छँदा आएन ध्यान बेला बित्यो रोएर के काम
बोलो, हरिहर भगवान्को, जय !
आमा र बाबालाई कैल्यै हेला नगरौं
उनको मनको पीरले हाम्रो खुसी जलाई दिन्छ ।
विरहले आमाबाबु रोए भने धरधरी
उनको आँसुले नै हाम्रो जीवन बगाइ दिन्छ ।
राधेश्याम राधेश्याम भजौं राधेश्याम ।
आमा हाम्री राधा हुन् बाबा घनश्याम ।
दश महिना कोखमा राखी दश धारा पिलाइन्
कैले हातमा कैले काखमा फूल जस्तै खेलाइन्
दश धारा दुधको भारा तिर्नु पर्छ आमाको
राधेश्याम सम्भी सेवा गरौं बाबाआमाको
राधेश्याम राधेश्याम भजौं राधेश्याम
आमा हाम्री राधा हुन् बाबा घनश्याम
हाम्रै लालन पालनमा सारा जीवन बिताए
आफ्नो दुःख सुख बिर्सी हाम्रै हित चिताए
यति प्यारा बा आमालाई जस्ले हेला गर्ने छ ।

मरेपछि कुरै छोडौं ज्युदै नर्क पर्ने छ।
सीताराम सीताराम भजौं सीताराम
आमा हाम्री सीता हुन् बाबा श्रीराम
घनश्याम राधेश्याम भजौ राधेश्याम
आमा हाम्री राधा हुन बाबा घनश्याम
हरि
कलियुगको, कलियुगको यही हो कि धर्म
बुढाबुढी रुँदै छन् घरघरमा
आमाबाबा रुवाएर कुन देवता पुज्ने
घरका ईश्वर छोडी कहाँ कुन देवता खोज्ने
जति तीर्थव्रत तप दान पुण्य गर
आमा बाबा रोए भने व्यर्थ हुन्छ तर
कलियुगको, कलियुगको यही हो कि धर्म
बुढाबुढी रुँदै छन् घरघरमा
छातीमाथि पाइला टेकाइ हिन्न सिकाउनेलाई
आफू भोकै प्यासै बसी अमृत चुसाउनेलाई
आमा बाबा भन्न पनि लाग्छ अरे लाज
एक्लै भए बुढाबुढी सन्तानकै माझ
कलियुगको, कलियुगको............................
.......................................................
जुठो खाँदा छाति चुस्दा घिन लागेन हिजो
एक्कै वचन बोल्न पनि लाग्छ आज झिजो
पाइला चाल्न तोते बोलन हाँस्न सिकाउनेलाई
हेला गर्छन् आफै मरी बाँच्न सिकाउनेलाई
कलियुगको कलियुगको यही हो कि धर्म
बुढाबुढी रुँदै छन घरघरमा
बुढाबुढी.......................
हरि

**छ) लामा/नाटकीय भजन**

लम्जुङ र तनहुँ जिल्लाबाट चितवन जिल्लामा बसाइँ सरेका समुदायमा लामा नाटकीय भजन गाइने प्रचलन छ । बालन/बालुनलाई लामा/नाटकीय भजन अन्तर्गत राखिएको छ । यी बालुन प्रायः **रामायण**को कथावस्तुमा आधारित हुन्छन् । यी भजन लोपन्मुख अवस्थामा छन् । यस्ता भजनका सुरुका केही अंशहरू यहाँ प्रस्तुत गरिएको छ -

**बालन/बालुन**

हो...हो...! चार भन्ज्याइ भित्रका पशुपतिनाथ
हामी ढोग्छौं झुकाइ माथ ।
हो...हो...! दैत्यको र दशरथको बाटै भेट भयो ।
त्यही भयो भलाभला बात् ।
हो...हो...! तबेलामा बाँधेको श्यामकर्ण घोडा
कसले फुकाइ लग्यो ।
हो....हो...! बाह्रै र बरषकी सोमबारे औंसी
दशरथ नुहाउन गए ।[५]

**बालन/बालुन**

..हो...हो... जनिकम्प जनिकम्प धरतीमाता,
हामी खेल्छौं रामावतार ॥
जनिकम्प जनिकम्प धरतीमाता,
हामी खेल्छौं रामावतार ॥
हो...हो...पहिलो वाण दानवले हान्यो,
रथको ठेकी फुकाल्यो ।
साथमा थिइन कैकपी रानी,
अङ्गुली हाली रथ थामिन ॥
हो...हो...जनिकम्प जनिकम्प धरती माता
हामी खेल्छौं रामावतार

---

[५] बाबुराम वैरागीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

हो...हो...दोसरो वाण दशरथले हाने,

दानवको रथ छिन्न भिन्न पारे ॥

हो...हो...जनिकम्प जनिकम्प धरती माता,

हामी खेल्छौं रामावतार

हो...हो...तेसरो वाण राजाले हाने,

दैत्यको हृदय विदारे ॥

अकन्टक राज्य इन्द्रलाई सुम्पी

दशरथ अयोध्या फिरे ॥

हो...हो...जनिकम्प..............[६]

यस्ता बालन/बालुन गाउँदा एकजना गुरु हुन्छन् र अन्य दुई समूहहरू सम्मुख फर्केर उभिन्छन् । गुरुले गाएको बालन गाउँदै हात र खुट्टाको अभिनयात्मक तालमा एउटा समूह आकाशतिर र भुइँतिर ढोग्दै वा नमस्कार गर्दै अघि बढ्दै जाने र गाउँदै पूर्ववत् स्थानमा फर्कने गर्दछन् । त्यसरी नै गुरुले गाएपछि अर्को समूहले पनि त्यसै गर्दछन् । बालनको कथावस्तुलाई अभिनय गर्दै पोसाकमा सजिसजाउ तेस्रो/अर्को समूहले कथावस्तुलाई हाउभाउ सहित प्रस्तुत गरिरहेका हुन पनि सक्छ ।

## ३.३.२ पूर्वेली भजनहरू

गोर्खा जिल्लाको मध्य र पूर्वीभाग, गोर्खा पूर्व सिन्धुपाल्चोकसम्मबाट चितवन बसाइ सरी आएका समुदायहरूमा पूर्वेली भजन गाउने प्रचलन छ । पूर्वेली भजन गाउँदा खैंजडी, मुजुरा साथै मादलको पनि साथ लिने चलन छ । भजन गाउने समूहमा गुरु र गर्रा हुन्छन् । गुरुले भट्टयाउने र गर्राले भजनले छोप्ने गर्छन् । त्यस समूहमा पनि सबै अर्थात् ३/४ जना खैजडीकै तालमा नाच्ने हुन्छन् । पूर्वेली भजनमा खासगरी चुड्का भजन, नम्मार ठाडोभाका जस्ता प्रकारहरू भेटिन्छन् । पूर्वेली भजनका केही उदाहरणहरू यहाँ प्रस्तुत गरिएको छन् -

### क) नम्मार चुड्का भजन

हे...हे..राम...

हे राम राम भन्छु मैले २

हरि हरि भन सबैले २

[६] यादव खरेल, **आदिकवि भानुभक्त** (पटकथा), तनहुँ : भानु जन्मस्थल विकास समिति, ......., पृ.  ।

हरि..

हे साँझ व्यान रात दिन जपम हरि हरि २

राम...

उनकै नाम जपेर, उनकै नाम जपेर

जाम्ला पार तरी

हरि हरि भन सबैले

रामराम भन्छु मैले

हरि हरि भन सबैले

हरि...

हे राम राम राम राम राम राम हे उनै नारायण

हरिराम उनै नारायण

हो हो उनै ब्रम्हा उनै विष्णु उनै नारायण

नारायण हरि

यसै प्रकारले हे भगवान् नारायणको महिमा वर्णन गरि सक्नु छैन, उनको प्रशंसा गर्न न त शेषनागले सके न त सरस्वतीले नै सकिन् । हाम्रो तीर्थ व्रत हुन्छ र लौ प्रभु तै पनि हामी कुनै नारायणको पर्छौं शरणमा, हो हो पर्छौं शरणमा हो हो साँझ व्यान, गर्छौं ध्यान पर्छौं शरणमा ।

नारायण हरि !

हे भगवान् ! नारायण भनेका कस्ता भन्नुहोला भने उता प्रल्हादले नारायणको नाम लिदाँ खेरी न त सर्पले डस्न सक्यो । न त पहाडमा लगेर हुर्र्याउँदा पनि लडे । कसै गर्दा पनि जब हरिनाम जपेपछि त्यस्ता हुँदी भगवान्लाई हेरलौं नारायण हरि, भुल्न हुदैन हेरलौं भुल्न हुदैन, हो हो हातले काम, मुखले राम भुल्न हुँदैन ।

नारायण हरि !

भुल्न हुदैन लौ दाजुभाई दिदी बैनी हेर्नुस् आज हामी मान्छे चौरासीलाख जन्म लिएर मानिसको अवतार पायौं ..............

.............................................

मेरो नभन

हरि नारायण मेरो मेरो नभन

हो हो आफ्नो भन्नु केही पनि छैन, मेरो मेरो नभन

यहाँ मेरो भन्ने वस्तु केही पनि छैन ..........

.....................................................

हरि नारायण जानुपर्छ छोडेर

हेर लौ जानुपर्छ छोडेर

छोरानाति धनसम्पत्ति जानुपर्छ छोडेर

नारायण हरि[७]

**ख) ठाडो भाका भजन**

**आरती भजन**

पैला आरती हो हो, पैला आरती

हो हो सिद्धिविना गणेशलाई पैला आरती

हे राम श्री गणेशलाई पैला पैला आरती

दोस्रो आरती हो हो दोस्रो आरती

इन्द्रजीका देउदेउतालाई दोस्रो आरती

हे राम इन्द्रजीका देउदेउतालाई दोस्रो आरती

तेस्रो आरती हो हो तेस्रो आरती

तेत्तीसकोटी देउदेउतालाई तेस्रो आरती

हे राम तेत्तीसकोटी देउदेउतालाई तेस्रो आरती

चौथो आरती हो हो चौथो आरती

चतुर्बाहु नारायणलाई चौथो आरती

हे राम चतुर्बाहु नारायणलाई चौँथो आरती

पाँचौं आरती हो हो पाँचौं आरती

पाँचै भाइ पाचपाण्डवलाई पाँचौं आरती

हे राम पाँचै भाइ पाचपाण्डवलाई पाचौं आरती

---

[७] मुक्तिप्रसाद लामिछानेसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

छैटौं आरती हो हो छैटौं आरती
छ मुखे कुमारलाई छैटौं आरती
हे राम, छ मुखे कुमारलाई छैटौं आरती
सातौं आरती हो हो सातौं आरती
श्रीरामचन्द्रजीलाई सातौं आरती
हे राम...श्रीरामचन्द्रजीलाई सातौं आरती
आठौं आरती हो हो आठौं आरती
चतुर्बाहु कृष्णजीको आठौं आरती
हे राम चतुर्बाहु कृष्णजीको आठौं आरती
नवौं आरती हो हो नवौं आरती
नवै दुर्गा भवानीलाई नवौं आरती
हे राम नवै दुर्गा भवानीलाई नवौं आरती
दशौं आरती हो हो दशौं आरती
दशौं औतार भगवान्लाई दशौं आरती

हे राम राम गुरु गणेश, हो हो गुरु गणेश
शिरमा आई बास गरिदेऊन गुरु गणेश
सरस्वतीमाई हो हो सरस्वतीमाई
ऐ हृदयमा आई वास गरिदेऊन सरस्वती माई
हो हो भजन हरिलाई................................
फेरि भन्न पाइँदैन ए हो हो फेरि भन्न पाइँदैन
यमराजले लान्छ, चौरासीमा परिन्छ हो हो भजन हरिलाई
हो हो भजम हरिलाई हो हो भजम हरिलाई,
ऐ राम राम मुखमा यो कलिजुगमा हरि भजे तरिन्छ
हो हो हरि भजे तरिन्छ, हो हो हरि भजे तरिन्छ
हरि भन्न नसके चौरासीमा परिन्छ ...........
..................................................[८]

[८] विष्णुप्रसाद आचार्यसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

**ग) भूमिका सहितको भजनको सुरुको अंश**

हरि ! हरि ! हरि तुङ्गभद्रा नाम गरेको नदी थियो । त्यो नदीको किनारमा आत्मदेव नाम गरेका बाहुन बस्दथे । ती आत्मदेव बाहुनका धुन्दुली नाम गरेकी श्रीमती थिइन् । ती धुन्दुली साह्रै कचकचे स्वभावकी थिइन् । श्रीसम्पत्ति प्रसस्त भएपनि श्रीमतीको कचकचे स्वभावले आत्मदेव बाहुन वनतिर लागेछन् -

वनतिर लागेछन् ।

धुन्दुली बूढी सधैं लुछाचुडी वनतिर लागेछन्

हो हो वनतिर लागेछन् हो हो वनतिर लागेछन्[९]

..........................................................

## ३.४ निष्कर्ष

लोकभजन परम्परामा समृद्ध देखिने चितवन जिल्लामा लोकभजनका प्रकारहरू पनि धेरै नै भेटिन्छन् । भौगोलिकता/क्षेत्रीयताका आधारमा मध्यक्षेत्रीय र पूर्वेली, आस्थाका आधारमा शिवसम्बन्धी, विष्णुसम्बन्धी, कृष्णसम्बन्धी, उद्देश्यका आधारमा धार्मिक र मनोरन्जनात्मक, कालक्रमको आधारमा पुराना धार्मिक र समसामयिक सचेतनामूलक, आकारका आधारमा फुटकर र नाटकीय र विश्रामको आधारमा खण्ड र अखण्ड गरी चितवन जिल्लामा गाइने लोकभजनलाई वर्गीकरण गरी सङ्कलित भजनहरूलाई उदाहरणको रूपमा प्रस्तुत गरिएको छ ।

---

[९] बाबुराम वैरागीसँगको मौखिक अन्तवार्ताअनुसार ।

# परिच्छेद : चार

# चितवन जिल्लामा प्रचलित लोकभजनहरू

# परिच्छेद : चार

# चितवन जिल्लामा प्रचलित लोकभजनहरू

चितवन जिल्लामा विभिन्न प्रकारका लोकभजनहरू प्रचलित छन् । अध्ययनको क्रममा सङ्कलित केही लोकभजनहरू यसप्रकार छन् ।

## ४.१ बाग्लुङ जिल्लाबाट चितवन बसाइँ सरेका समुदायले व्रतबन्धमा गाएको भजन

भ.न.पा.-५ स्थित देवीलाल निउरे निवासमा वटुक रमेश निउरेको शुभव्रतवन्ध कार्यक्रममा बाग्लुङ जिल्लाबाट वसाइँ सरेका समुदायले गाएको भजन-

एकदिन त जाने हो संसार छोडेर २
पिञ्जडा तोडेर पन्छी उडेर २
धन र सम्पत्ती घरमै झोलामा २
बाँसको डोलामा लान्छन् खोलामा २
भर नपर भर नपर
जान्छ पन्छी उडेर गुढ छोडेर
भर नपर...........................
जान्छ..............................
खै कुन्नी केमा हो संसार झुलेको
किन हो चटक्कै धर्म भुलेको
विहान फूल फुली साँझ झर्दै छन्
मान्छेले मर्दिन जस्तै गर्दै छन् ।
कैले काखमा कैले डोलामा
कैले शङ्ख बजाउँदै लान्छन् खोलामा
कैले........................................

राम राम हरिः ऊँ

हाड र छालामा मासु लेपेको

यो शरीर मात्रै हो हामीले देखेको

म को हूँ, तिमी को हौ छैन चिनेको

कै छैन ठेकाना का हो हिडेका

जानी का होला जानी का होला

उनै रामलाई या होला, जानी का होला

जानी..........................................

## ४.२ एकादशी पर्वमा गाइएको भजन

आज एकादशी पानी नखाउ तुलसी

आज.....................................

एकादशी तुलसी तिलको दान

हाम्लाई पनि वैकुण्ड लैजाउ भगवान्

उँधै सललल गङ्गाजल निर्मल

उँधै....................................

वासुदेवाय वासुदेवाय

ऊँ नम भगवते वासुदेवाय

जय दुर्गे जय दुर्गे

जय जय जय जय दुर्गे

कोटी नमस्कार देउता जति सबैलाई

कोटी .......................

## ४.३ भूमिकासहितको लोकभजन

बाग्लुङ्ग जिल्लाबाट चितवन बसाइँ सरेका समुदायमा गाइएको भूमिकासहितको भजन । प्रस्तुत भजन र.न.पा.-१० स्थित टिकाराम न्युरे निवासमा ऋषिराम निउरेको नेतृत्वमा गाइएको हो ।

मङ्गलम् भगवान् विष्णुर्मङ्गलम गरुडध्वजः

मङ्गलम् पुण्डरीकाक्षा मङ्गलायतनो हरिः

चौरासीलाख जन्म भोगीभोगी पायौँ यो अनमूल्य

जीवन किन ? व्यर्थै जन्म वितायौ भने नर्कै जानपर्छ, लौ हिन।

भजम हरिलाई भजम हरिलाई ।

जिन्दगीको भर छैन, भजम हरिलाई ॥

भजम हरिलाई भजम हरिलाई ।

यो जिन्दगी भरिलाई भजम हरिलाई ॥

सधैं हाम्लाई हैरान सधैं हाम्लाई काम ।

मर्ने वेला भैसक्यो कैले जप्ने राम ॥

नाङ्गै आयौं नाङ्गै जानु लानु के छ र ।

अज्ञानी हौं मानिस हामी प्रभु तिम्रै घर ॥

न त ल्यायो छुरी कटारी न त ल्यायो ढाल ।

चारै दिनको जिन्दगी दौडेर आयो काल ॥

हस्तौ दान विभर्जितौ तीर्थेनपार्दो गतौ - दान गर्न भनेर हात वने तीर्थ गर्न भनेर पाउँ, शास्त्रै सुन्न भनेर कान वने, मन्त्रै जप्न, कीर्तनै गर्न भनेर जिब्रो बन्यो । के स्वादका खाँतिर ?

मरिजानी जिन्दगी, छोडीजानी चोला ।

भगवान्ले सोध्नुहुन्छ भन्ने के होला ॥

नाङ्गै आयौं नाङ्गै जानी लानु के छ र ।

तिम्रै नाम जप्छम प्रभु तिम्रै पर्चम् भर ॥

आमाका गर्भमा बस्दा, दशअम्ली जोडेर 'हे प्रभु ! हजुरको भक्ति गर्न भुल्ने छैन ।' भनेर भगवान्को तपस्या गऱ्यौं, मास पूर्ण भयो, प्रसुति वायुले पार गर्दियो । गर्भबाट बाहिर आएपछि 'म ह्वाँ थिएँ ह्याँ आएँ, जानी काँ हो ?' भनेर भगवान्लाई छोडेर मायाँमा फसैं....

जानी को होला जानी काँ होला ।

प्रभुजीलाई था होला जानी काँ होला ॥

जानी काँ होला जानी काँ होला ।

उनै रामलाई था होला जानी काँ होला ॥ अनि यो मायाको महत्वमा भुलाएर 'मेरो बाबु' मेरा नानी, मेरामा गयो, मेरोमा भुलायो । तर संसारमा मेरो भन्ने चिज केही छैन, झुटो संसार महरूपी जाल । माया कति गुलियो, मेरो बाबु ! मई खायो । माया गुलियो कति रहेछ । तो बालखले आमा, बाबु, दिदी, दाजु- मेरामा भुलायो

रामलाई भुलियो, रामलाई भुलियो ।

माया कति गुलियो, रामलाई भुलियो ॥

मनुष्य जन्म तीन अवस्थाका छन, वाल्य अवस्था, जवान अवस्था, वृदा अवस्था ! यस्तो अवस्थामा दश इन्द्रीय छन् र यो मनुष्य जन्म - वाल्य अवस्था कति पियारो, जवान अवस्था पनि सवको हाइकाई पियारो -

कैले काखमा कैले डोलामा ।

कैले शङ्ख बजाउदै लान्छन् खोलामा ॥

मनुष्य जुनी पाइसकेपछि भगवान्मा प्रेरणा दिनुपर्छ । वाल्यै देखि प्रल्हादले भगवान्को भक्ति गरे । हिण्यकशिपु पिताले घमण्डी गर्दा खम्बा फोरी भगवान् प्रकट गराई, संसारको चित्त बुझाई, पिताको देहान्त बनाए र भक्तिभाव प्रल्हादको लीला अपार संसारलाई विश्वास भयो ।

जीवन सपार, जीवन सपार ।

भगवान् लीला अपार, जीवन सपार ॥

लौ तो तेरो भगवान् देखाई भनेर हिरण्य कश्यपुले घमण्ड गर्दा, हे पिताजी भगवान् जलमा पनि छन्, थलमा पनि भगवान् छन्, तपाईंमा पनि भगवान् छन्, ममा पनि भगवान् छन्, यो खम्बामा पनि भगावन् छन् । कश्यपले घमण्ड गर्दा

छैन निको चाल, छैन निको चाल ।

आयो पिता तिम्रो काल, छैन निको चाल ॥

.........................................................

## ४.४ देवीसम्बन्धी भजन

### आरती भजन

चितवन जिल्लामा हाल रेकर्ड/छायाङ्कन गरिएका सि.डी., टेप आदि पनि बजाएर भजनको परम्परा थाम्ने प्रचलन पनि छ त्यसैले यहाँ प्रजापति पराजुलीद्वारा प्रस्तुत भजन साभार गरिएको छ ।

सन्जे जगाऊ भक्त, आरती जगाऊ २
आरतीको वेला भयो भक्त हो हरि कीर्तन गाऊ
हरिहरि आरतीको बेला भयो भक्त हो हरि कीर्तन गाऊ
लेऊ हरिकै नाम, भक्त जप हरिकै नाम २
हरि कीर्तन गाउँदै गाउँदै वैकुण्ठमा जाम
हरिहरि हरि कीर्तन गाउँदै गाउँदै वैकुण्ठमा जाम
जयजय दुर्गा माता कीर्तन गाउँछौं अब त
अब त जय जय दुर्गा माता कीर्तन गाउँछौ अब त
जय जय.....................................................(५/७)
हरि
पूर्वकी इन्द्रेणी आग्नय दिशा जाऊ २
आग्नय दिशामा श्री अग्निले त्रिपाला जगाऊ
हरिहरि आग्नय दिशामा श्री अग्निले त्रिपाला जगाऊ
आग्नय दिशाका अग्नि देवता दक्षिण दिशा जाऊ २
दक्षिण दिशामा वाराहीले त्रिपाला जगाऊ
हरिहरि दक्षिण दिशामा वाराहीले त्रिपाला जगाऊ
दक्षिण दिशाका वाराही नैरित्य दिशामा जाऊ २
नैरित्य दिशामा वारुणी देवीले त्रिपाला जगाऊ
हरिहरि नैरित्य दिशामा वारुणी देवीले त्रिपाला जगाऊ
उनै देवी माँ की दशै दिशा आरती (५/७)
आरती : देवी माँ की दशै दिशा आरती
उनै................................................
हरि
नैरित्य दिशाकी वारुणी देवी पश्चिम दिशामा जाऊ२
पश्चिम दिशामा कालिका माइले त्रिपाला जगाऊ
हरिहरि पश्चिम दिशामा कालिका माइले त्रिपाला जगाऊ
पश्चिम दिशाकी कालिका माई वायव्य दिशामा जाऊ२
वायव्य दिशामा मृगवाहिनीले त्रिपाला जगाऊ

हरिहरि वायव्य दिशामा मृगवाहिनीले त्रिपाला जगाऊ

वायव्य दिशाकी मृगवाहिनी उत्तर दिशामा जाऊ२

उत्तर दिशामा कौमारी देवीले त्रिपाला जगाऊ

हरिहरि उत्तर दिशामा कौमारीदेवीले त्रिपाला जगाऊ

देवी तिम्रै नाउँमा  शङ्ख बजे ठाउँठाउँमा (५/७)

ठाउँठाउँमा देवी तिम्रै.........................................

देवी तिम्रै..........................................

हरि

उत्तर दिशाकी कौमारी देवी ईशान दिशामा जाऊ२

ईशान दिशामा शूलधारिणीले त्रिपाला जगाऊ

हरिहरि ईशान.................................................

ईशान दिशाकी शूलधारिणी आकासैमा जाऊ २

आकासैमा ब्राह्मणी देवीले त्रिपाला जगाऊ

हरिहरि आकासैमा ......................

आकासैकी ब्राह्मणीदेवी पातालैमा जाऊ २

पातालैमा वैष्णवदेवीले त्रिपाला जगाऊ

हरिहरि पातालैमा..........................................

पातालैकी वैष्णवीदेवी दशै दिशा जाऊ२

दशै दिशामा चामुण्डामाइले त्रिपाल जगाऊ

हरिहरि दशै....................................................

उनै देवी माँ की दशै दिशा आरती (५/७)

हरि

जयजय दुर्गा माता कीर्तन गाउँछौं अब त (५/७)

अब त जय जय..................................

जय जय..........................................

ठाउँठाउँमा देवी................................

देवी..............................................

हरि...............................................

## ४.५ बाग्लुङ जिल्लाबाट चितवन बसाइ सरेका समुदायमा गाइने भजन

### आरती भजन

पहिलोमा औतार प्रभुले मत्स्य रूप धारण गर्नुभो
शङ्खासुर दानवलाई मारिदिनु भो ।
मारिदिनु भो मारिदिनु भो
शङ्खासुर दानवलाई मारिदिनु भो ।
दोसरी औतार प्रभुले कुर्म रूप धारण गर्नुभो
मन्दराचल पर्वतलाई पिठ्युमा धारण गर्नु भो ।
धारण गर्नु भो प्रभु धारण गर्नु भो
तेसरी औतार प्रभुले वराह रूप धारण गर्नुभो
कश्यपलाई मारी जलमा डुबेकी पृथ्वी उतार्नु भयो ।
उतार्नु भो पृथ्वी उतार्नु भो
जलमा डुबेकी पृथ्वी उतार्नु भो ।
चौथोमा औतार प्रभुले नसिंह रूप धारण गर्नुभो
हिरण्यकशिपुलाई मारी प्रल्हाद भक्तको पालन गर्नुभो ।
पालन गर्नु भो पालन गर्नु भो
प्रल्हाद भक्त बालाको पालन गर्नु भो ।
पञ्चम औतार प्रभुले वामन रूप धारण गर्नुभो
असुरहरूलाई जितेर बलिराजाले राज्य गर्नुभयो ।
वामनले गई भिक्षा माग्नु भयो
बलिलाई छली पत्तालै राखि दिनुभयो ।
राखिदिनु भो राखिदिनु भो
बलिलाई प्रभुले पत्ताले राखिदिनु भो ।
षष्टम औतार प्रभुले परशुराम रूप धारण गर्नुभो
क्षत्रीयहरू सबै ध्वंस पारी मारिदिनु भयो ।
मारिदिनु भो मारिदिनु भो
सकल फौजहरूलाई मारिदिनु भो ।
सातम औतार प्रभुले राम रूप धारण गर्नु भो

लङ्कापति रावणलाई मारिदिनु भो ।
मारिदिनु भो मारिदिनु भो
लङ्कापति रावणलाई मारिदिनु भो ।
आठौं औतार प्रभुले श्रीकृष्ण रूप धारण गर्नुभो
कंसासुर दानवलाई मारिदिनु भो ।
नवम् औतार प्रभुले बौद्ध रूप धारण गर्नुभो
दानव र दैंत्यहरूलाई नाश गरी धर्मको पालन गर्नुभो ।
पालन गर्नु भो पालन गर्नु भो
धर्मको प्रभुले पालन गर्नु भो ।
दशम औतार प्रभुले कल्की औतार धारण गर्नु भो
सत्य र धर्मको पालन गर्नु भो ।
पालन गर्नु भो पालन गर्नु भो
सत्य र धर्मको पालन गर्नु भो ।
जय जय बोलन जय जय बोलन
दशै औतार प्रभुको जयजय बोलन ।
जानीबेला भैसको नगै भाछैन ।
आखिरीमा जानी काँ हो, घरको था छैन ।
तेरो मेरो भन्दा भन्दै गयो यो चोला
भगवान्ले सोद्धाखेरी भन्नी के होला
सधै हाम्लाई हैरान सधैं हाम्लाई काम
मर्ने बेला भैसक्यो कहिले जप्ने राम[१०]

## ४.६ निष्कर्ष

विभिन्न क्षेत्रबाट चितवन बसाइँ सरेका समुदायमा प्रचलित लोकभजनहरू यहाँ प्रस्तुत गरिएको छ । प्रस्तुत गर्ने क्रममा विभिन्न देवी-देवताहरूसँग सम्बन्धित भजनहरू पनि समेटिएको छ । विभिन्न कलाकार र भजन मण्डलीहरूद्वारा गाइएका भजनहरू भएकाले शैलीगत र लयगत भिन्नताहरू पनि यी भजनहरूमा भेटिएका छन् ।

[१०] बाबुराम निउरेसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

# परिच्छेद : पाँच

# उपसंहार तथा निष्कर्ष

# परिच्छेद : पाँच
# उपसंहार तथा निष्कर्ष

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह (एम.ए.) द्वितीय वर्षको दसौं पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको यस अध्ययन पत्रमा छ परिच्छेद, चार परिशिष्ट लगायत सन्दर्भ ग्रन्थसूची समावेश गरिएको छ ।

पहिलो परिच्छेद अध्ययनको परिचयसँग सम्बन्धित छ । यसमा अध्ययनको शीर्षक, प्रयोजन, समस्याकथन, उद्देश्य, पूर्वकार्यको समिक्षा प्राक्कल्पना, अध्ययनको औचित्य र महत्व, अध्ययन क्षेत्र र सीमाङ्कन, सामग्री सङ्कन विधि र शोधविधि तथा अध्ययन पत्रको रूपरेखा आदि उपशीर्षकहरू राखिएका छन् । सैद्धान्तिक अध्ययनका लागि सन्दर्भ ग्रन्थसूचीहरूको सहयोग लिइएको छ भने सामग्री सङ्कलनका लागि क्षेत्र भ्रमण विधि अपनाइएको छ । चितवन जिल्ला अन्तर्गत भ.न.पा. र यसको आसपासका क्षेत्रहरूबाट सामग्री सङ्कलन गरिएको छ । दोस्रो परिच्छेदमा लोकभजनको सैद्धान्तिक परिचय प्रस्तुत गर्नुका साथै चितवन जिल्लाको सामान्य परिचय र यहाँका लोकभजन गाइने प्रमुख स्थलहरू, अवसरहरू एवं पर्वहरू प्रस्तुत गरिएको छ । सैद्धान्तिक अध्ययन गर्दा विभिन्न पुस्तकहरू एवम् सूचकहरूलाई आधार मानिएको छ । लोकभजनको वर्गीकरण दोस्रो परिच्छेदमा गरी तेस्रो परिच्छेदमा चितवन जिल्लामा सङ्कलित भजनहरूलाई भजनका उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । अध्ययनका क्रममा चितवन जिल्लामा मुख्य गरी पूर्वेली र मध्यक्षेत्रीय भजनहरू फेला परेकाले ती भजनहरूलाई पनि विभिन्न आधारमा वर्गीकरण गरिएको छ । चौँथो परिच्छेदमा पनि चितवन जिल्लामा सङ्कलित केही थप भजनहरू प्रस्तुत गरिएको छ ।

परम्परागत रूपमा गाइँदै आइएका भजनहरूले अब नयाँ स्वरूप लिन थालेको कुरा अध्ययनको क्रममा अनुभव भएको छ । विभिन्न लोकभाकाहरू अब भजनका पनि भाकाहरू बन्दै गएका छन् । पुरानो पुस्ता अब लगभग नरहेको अवस्थामा कलाकारहरूले भजन गाउने र अरूले पनि त्यस्तै शैलीलाई अपनाउन थालेको अध्ययनको क्रममा थाहा भएको छ ।

अध्ययनका क्रममा विभिन्न मन्दिरहरू, भजन कार्यक्रम हुँदै गरेका व्यक्तिगत घरहरू, भजन गायकका घरहरू, तीर्थस्थलहरू र बाटाघाटाहरूमा पनि पुगिएको थियो । प्रायः सबै ठाउँमा अध्ययन सहज रह्यो भने कुनैकुनै मन्दिरहरूमा गलत बुझाइका कारणले आफ्नो धार्मिक गतिविधिहरू प्रस्तुत गर्न नचाहनु सामान्य असहज परिस्थिति जस्तो रह्यो । प्रयाजसो सबै मन्दिरहरू आश्रय विहीन वृद्धवृद्धाहरूको आश्रय स्थलका रूपमा भेटिएका थिए ।

# परिशिष्ट खण्ड

# परिशिष्ट : एक

## स्रोतव्यक्ति तथा अन्तर्वार्ता लिइएका लोकभजन गायक-गायिकाहरूको नामावली

| क्र.सं. | नामथर | ठेगाना | पूर्वस्थान |
|---|---|---|---|
| १. | ऋषिराम निउरे | भ.न.पा.-१४, कल्याणपुर, चितवन | मेहेले, बाग्लुङ |
| २. | कमलप्रसाद भुसाल | भ.न.पा.-१०, कटहरचोक | पर्वत |
| ३. | जायश्वर पौडेल | भ.न.पा.-१०, कटहरचोक | स्याङ्जा |
| ४. | टीकाराम निउरे | र.न.पा.-१०, चितवन | कर्लिम, बाग्लुङ |
| ५. | टीकाराम पौडेल | भ.न.पा.-१०, कटहरचोक | कास्की |
| ६. | डिल्लीप्रसाद सापकोटा | भ.न.पा.-१०, चितवन | स्याङ्जा |
| ७. | नारायणप्रसाद कँडेल | र.न.पा.-११, चितवन | बाग्लुङ |
| ८. | पद्मनाथ सापकोटा | भ.न.पा.-१०, कटहरचोक | स्याङ्जा |
| ९. | पूर्णाखर सुवेदी | भ.न.पा.-१०, कटहरचोक | कास्की |
| १०. | फूलनाथ निउरे | भ.न.पा.-५, चितवन | बिहुँ, बाग्लुङ |
| ११. | बाबुराम बैरागी (न्यौपाने) | भ.न.पा.-७, चितवन | दुराडाँडा, लम्जुङ |
| १२. | बाबुराम निउरे | भ.न.पा.-१४, चितवन | बाग्लुङ |
| १३. | मुक्तिप्रसाद लामिछाने | पिठुवा-९, चितवन | नाम्जुङ, गोर्खा |
| १४. | विष्णुप्रसाद आचार्य | भ.न.पा.-७, चितवन | सिन्धुपाल्चोक |
| १५. | विष्णुप्रसाद भट्टराई | भ.न.पा.-१०, कटहरचोक | गुल्मी |
| १६. | हिरालाल कँडेल | गैंडाकोट-८, नवलपरासी | बाग्लुङ |
| १७. | होमनाथ पौडेल | भ.न.पा.-१०, कटहरचोक | स्याङ्जा |

# परिशिष्ट दुई
## लोकभजनका गायक-गायिकाहरूको फोटो



टीकाराम निउरे



बाबुराम बैरागी (न्यौपाने)



विष्णुप्रसाद आचार्य



ऋषिराम निउरे



मुक्तिप्रसाद लामिछाने



फूलनाथ निउरे





भ.न.पा.-१० कटहरचोकस्थित श्री ॐ जय श्री गणेश मन्दिरमा भजन गाइँदै गरेको

# परिशिष्ट तीन


## वाद्यवादन सामग्रीहरूको फोटो



कठताल



हार्मोनियम



खैँजडी



मुजुरा




मादल



सम्पूर्ण वाद्यवादन सामग्रीहरू

# परिशिष्ट चार

## चितवन जिल्लाको मानचित्र



# सन्दर्भसामग्रीसूची

# सन्दर्भसामग्रीसूची


कडन, जे.एन., **द पेन्गुइन डिक्सनरी अफ लिटरेरी टर्मस् एण्ड लिटरेरी थ्योरी**, लण्डन : पेन्गुइन ग्रुप, सन् १९९१ ।

खनाल, केदारनाथ, *प्रथम भानु महोत्सवको यात्रा : केही स्मृति केही अनुभूति,* **चुँदी रम्घा**, वर्ष-३०, अङ्क-६, आषाढ २९, २०६८, तनहुँ : भानु पुस्तकालय, पृ. २९ ।

खरेल, यादव, **आदिकवि भानुभक्त** (पटकथा), तनहुँ : भानु जन्मस्थल विकास समिति, २०५६, दृश्य-५३ ।

चुदाली, हरिप्रसाद, **गुल्मी जिल्लामा प्रचलित लोकभजनको सङ्कलन, वर्गीकरण र विश्लेषण,** अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, त्रि.वि., कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०६३ ।

थापा, धर्मराज, **गण्डकीका सुसेली,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३० ।

थापा, धर्मराज, **चितवन दर्पण**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५० ।

**द न्यू इन्साइक्लोपेडिया ब्रिटानिका**, भोलुम १९, पन्ध्रौं संस्क., शिकागो : इन्साइक्लोपेडिया ब्रिटानिका, सन् १९९० ।

नेपाल, पूर्णप्रकाश, 'यात्री', **भेरी लोकसाहित्य,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४१ ।

नेपाल, वसन्तकुमार शर्म्मा, र विनयकुमार शर्मा नेपाल, **नेपाली शब्दसागर**, काठमाडौं : शब्दार्थ प्रकाशन, २०६८ ।

**पद्मपुराण**, उत्तर खण्ड, अ. ९२, श्लोक २२ ।

पद्मनाभाचार्य (स्वामी), **कीर्तन सङ्ग्रह**, चितवन : श्रीशेषलक्ष्मीनारायण मन्दिर, २०६५ ।

भण्डारी, गोपालप्रसाद, **प्राग् भानुभक्तीय नेपाली काव्य,** शोधग्रन्थ, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४८ ।

मगर, केशरजंग बराल, **पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति अनुसन्धान प्रबन्ध,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५० ।

मार्टिन ग्रे, **अ डिक्सनरी अफ लिटेरेरी टर्मस**, युके : लङ्म्यान योर्क प्रेस, सन् १९६८ ।

मिश्र, डिल्लीराम, **नेपाल अधिराज्यमा तनहुँ** (अनुसन्धान), काठमाडौं : श्रीमती शर्मिलादेवी मिश्र, सुश्री उर्मिलादेवी देवकोटा, २०४५ ।

शर्मा, मोहनराज, र खगेन्द्र लुईटेल, **लोकवार्ता विज्ञान र लोकसाहित्य**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

**श्रीमद्भागवत**, द्वादश स्कन्दको तेस्रो अध्यायको अन्तिम श्लोक ।

**सामवेद** ।

हर्नबाइ, ए.एस., **अक्सफोर्ड एडभान्स लर्नरर्स डिक्सनरी अफ करेन्ट इङ्लिस**, लण्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस, सन् १९९५ ।